लेखापरीक्षण प्रतिवेदन

कालिका गाउँपालिका, रसुवा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

कालिका गाउँपालिका, रसुवा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,बागमती प्रदेश

काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/38

मिति : २०८३-१-३०

श्रीमान् अध्यक्षज्यू,
कालिका गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, रसुवा।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/38

श्रीमान् अध्यक्षज्यू,

कालिका गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, रसुवा।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१.कैफियत सहितको रायः

हामीले त्यस गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन,बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२.कैफियत सहितको राय व्यक्त गर्ने आधारः

२.१.महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२.गाउँपालिकाको आय र व्यय तर्फ रु.८३ करोड ६१ लाखको लेखापरीक्षणबाट रु.४४ लाख ९० हजार बेरुजु देखिएकोमा असुल गर्नुपर्ने रु.२ लाख ३२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४ लाख १२ हजार र नियमित गर्नुपर्ने रु.३८ लाख ४७ गरी जम्मा रु.४४ लाख ९० हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजु रु.११ करोड २९ लाख ३९ हजार मध्ये रु.२६ लाख ५१ हजार सम्परीक्षण भई यसवर्षको थप रु.४४ लाख ९० हजार समेत हालसम्म अद्यावधिक बेरुजु रु.११ करोड ४७ लाख ७९ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३.आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ।त्यसैगरी स्वीकृत आचारसंहिताको

पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोराः

लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारीः

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारीः

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(घनश्याम काफ्ले)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
५३	६२	४४,९०,९०४	०	०	०	०	५३	६२	४४,९०,९०४	२,३२,२०७	३८,४७,१५४	४,११,५४३	०	०	४२,५८,६९७	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
रसुवा	११२९३९३०२		२६,५१,१३२	११०२८८१७०		४४,९०,९०४	११४७७९०७४

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	७१	स्थलगत निरीक्षण	१६,५५,८२०
२	२०८०/८१	४५	सट्टा बिदा	३,४७,६८७
३	२०८०/८१	६९	१५ बेड अस्पताल बढी भुक्तानी	६,४७,६२५
जम्मा				२६,५१,१३२

कालिका गाउँपालिका, रसुवा

(८०३२८५०२३००)

कालिका गाउँपालिका , रसुवा

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- परिचय- स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रबर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा र १२९.५४ वर्ग किलोमिटर क्षेत्रफल रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।८ देखि २०८२।५।१२ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग मिति २०८२।५।३१ मा छलफल गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७7 तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्यय समेत गरी जम्मा रु ८३ करोड ६१ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छन ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका कार्यालयलाई नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान, राजस्व बाँडफाँट अन्तर्गत प्राप्त रकम, आन्तरिक आय, ऋण तथा अनुदान र व्ययको विवरण देखिने गरी महालेखापरीक्षकले तोकेको ढाँचामा एकीकृत विवरण तयार गरी सम्बन्धित प्रदेश लेखा नियन्त्रक कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण र स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) बाट तयार भएको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) यस दफासँग सम्बन्धित अनुसूचीमा संलग्न गरिएको छ ।

पालिकाले तयार गरेको आर्थिक वर्ष २०८१।८२ को आर्थिक कारोबारको एकीकृत वित्तीय विवरण

आय तर्फ				व्यय तर्फ			
क्रसं	विवरण	रकम	जम्मा रकम	सि.नं.	विवरण	रकम	जम्मा रकम
१	**गत वर्षकोजिम्मेवारी**			१	**चालु खर्च**		**२४५४६१५३२।६४**
	क) नगद	-	-		क)समानिकरण (संघीय सरकार)	२१४१२२७८।५३	
	ख) बैंक		**५१४४३२८८।११**		ख)समानिकरण (प्रदेश सरकार)	६८५३५३६।६५	
	१) संचितकोष खाता	३९४०५६३४।४०			ग) सशर्त (संघीय सरकार)	१२६६८६३२९।६१	
	२) धरौटी	७४३०३२६।३५			घ) शसर्तअनुदान (प्रदेश सरकार)	७३९१०२४।०७	
	३) विविध कोष खाता	३९८०९८०।३१			ङ) राजस्वबाडफाड (प्रदेश सरकार)	७३५०७८८।१२	
	३) विविध खर्च खाता	१९९६२३।९८			च) राजस्वबाडफाड (संघीय सरकार)	४३६७२२६७।०२	
	५) स्थानीय प्रकोपव्यवस्थापन कोष	४२२९२८।०७			छ) राजश्वबाडफाड स्थानीय सरकार	३८२०००।००	
	६) स्थानीय बिभाज्यकोषखाता	३७९५।००			ज) आन्तरिकस्रोत	३१७१३३०८।६४	
२	**राजश्व (आन्तरिक आय)**		**४३५६८२३।६५**	२	**पुजिगतखर्च**		**७३४३७४८९।७७**
	क) आन्तरिकराजश्व	४३५६८२३।६५			क)समानिकरण (संघीय सरकार)	३६५३६३९१।२८	
					ख)समानिकरण (प्रदेश सरकार)	१०००००	
३	**राजश्वबाडफाड संघीय सरकार**		**५९६६५६३३।५३**		ग) सशर्त (संघीय सरकार)	६१७०२४१।४७	
	क) मू.अ.कर बाडफाड	३२६२२५४५।७२			घ) विशेषअनुदान (संघीय सरकार)	३६७७८१८।००	
	ख) अन्तशुल्क बाडफाड	१४०८३५०६।८८			ङ) समपूरकअनुदान (संघीय सरकार)	-	
	ग) रोयल्टीबाडफाड	१२९५९५८०।९३			च) समपूरकअनुदान (प्रदेश सरकार)	६५४४३५०।००	
					छ) शसर्तअनुदान (प्रदेश सरकार)	१३४००८१२।९६	
४	**राजश्वबाडफाड प्रदेश सरकार**		**९०२३८४६।५८**		ज) विशेषअनुदान (प्रदेश सरकार)	-	
	क) सवारीसाधन कर बाडफाड	९०२३८४६।५८			झ) रावस्वबाडफाड (संघीय सरकार)	१३६४५२६।८८	
					ञ) रावस्वबाडफाड (स्थानीय सरकार)	१३४०३५।००	
५	**घरजग्गा रजिष्ट्रेसन दस्तुर**	१४८५७९०।४४	१४८५७९०।४४		ट) राजस्वबाडफाड (प्रदेश सरकार)	६७१५५।९०	
६	**वित्तियहस्तान्तरण संघीय सरकार**		२२८१६०५६८।००		ठ) आन्तरिकस्रोत	५४४२१५८।२८	
	क) वित्तियसमानिकरण अनुदान	७६२५२५६०।००					
	ख) सशर्तअनुदान	१४८२२२०००।००		३	**वित्तियव्यवस्था भुक्तानी**	-	
	ग) समपुरकअनुदान	-			क) ऋणभुक्तानी		
	घ) विशेषअनुदान	३६८६००८।००			ख) ब्याजभुक्तानी		
					ग) अन्यभुक्तानी		
७	**प्रदेशसरकारबाट प्राप्त अनुदान**		**४१३४५४०२।००**	४	**लगानी**	-	
	क)समानिकरण अनुदान	७७४३०००।००			क) ऋणलगानी		
	ख) सशर्तअनुदान	२६९६३०००।००			ख) शेयरलगानी		
	ग) समपुरकअनुदान	६६३९४०२।००			ग) अन्यलगानी		
	घ) विशेषअनुदान	-		५	**अन्तरसरकारी स्थानीय तह**	-	
				६	**विषयगतनिकायबाट प्राप्त**	-	
८	**अन्तरस्थानीय तहबाट प्राप्त**		-				
				७	**विभिन्नकोष तर्फको खर्च**		**५८७८८१४।१०**
९	**वित्तियव्यवस्था प्राप्ती**		-		क) स्थानीयप्रकोप व्यवस्थापन कोष खर्च	२४६७१६६।७४	
	क) ऋणप्राप्ती				ख) बिभाज्यकोष खर्च ढप्रदेश र संघमा बाडफाड	१४३८७५८।५५	
	ख) सावाप्राप्ती				ग) विविधकोष खाता ढकल्याण कोषण्	-	
	ग) ब्याजप्राप्ती				घ) सुचनाप्रविधि अधिकृतको	९५३७८।००	

					पारश्रमिक खर्च		
	घ) अन्यप्रासी				ङ) सडकबोर्ड साझेदारी भुक्तानी	१३११४८७।००	
					च) विविध खर्च खातामा बाकि रहेको रकम आन्तरिक राजश्व खातामाट्रान्सफर	५६६०२३।८१	
१०	**विभिन्नकोष तर्फको आय**		९०४०८०६।६९				
	क) स्थानीयप्रकोप व्यवस्थापन कोष	२५०००००।००		८	**जनसहभागिता (नगद)**		-
	ख) बिभाज्यकोष	३०६७५४१।८६					
	ग) विविधकोष खाता कर्मचारी कल्याण कोष	१७०००००		९	**धरौटीफिर्ता**	१३८०२६६।३५	**१३८०२६६।३५**
	घ) सुचनाप्रविधि अधिकृतको पारश्रमिक साझेदारी	४३६४९९।८३					
	ङ) सडकबोर्ड साझेदारी भुक्तानी	१३३६७६५।००		१०	**अन्तरसरकारीअख्तियारी**		**६५९५९१७४।९३**
११	**जनसहभागिता (नगद)**				क) सामाजिकसूरक्षा तथा संरक्षण	५७८७२६३०।००	
					ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४९५०००।००	
१२	**धरौटी आय**	३३०४९०५।००	**३३०४९०५।००**		ग) एकिकृतस्वास्थ्य पुर्वाधार विकास कार्यक्रम	७५९१५४४।९३	
१३	**अन्तरसरकारीअख्तियारी**		**६५९५९१७४।९३**	११	**अनुदान तथानिकासा फिर्ता**		**२१६३९८३३।८९**
	क) सामाजिकसूरक्षा तथा संरक्षण	५७८७२६३०।००			क) संघीयअनुदान फिर्ता	१५३७३६१८।९२	
	ख) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	४९५०००।००			ख) प्रदेशअनुदान फिर्ता	६२६६२१४।९७	
	ग) एकिकृतस्वास्थ्य पुर्वाधार विकास कार्यक्रम	७५९१५४४।९३					
				१२	**मौज्दात**		**६००२९१२७।२५**
					क) नगदमौज्दात	-	
					ख) सञ्चितकोषमा बैंक मौज्दात	४४५३७४२०।६१	
					ग) स्थानीयप्रकोप कोष खातामा बैंक मौज्दात	४५५७६१।३३	
					घ) विविधकोष खाता	५६८०९८०।३१	
					ङ) धरौटीखातामा बैंक मौज्दात	९३५४९६५।००	
	जम्मा	**४७३७८६२३८।९३**	**४७३७८६२३८।९३**			**४७३७८६२३८।९३**	**४७३७८६२३८।९३**

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।पालिकाले आर्थिक कारोबार लेखा राख्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवार गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-०१) तयार गर्नुपर्छ ।तर पालिकाले खर्च लेखेको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ५,७८,७२,६३०, स्वास्थ्य सुधार कार्यक्रमको रु ४,९५,००० एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु ७५,९१,५४४.९३ गरी कुल रु ६,५९,५९,१७४ लाई अनुसूची १४ मा तथ्याङ्क प्रविष्टि गरेको भएतापनि वार्षिक प्रतिवेदन खण्डमा समावेश छैन। तसर्थ पालिकामा हुने सबै आर्थिक कारोबार वित्तीय प्रतिवेदन खण्डमा समावेश हुने व्यवस्था गरी वित्तीय प्रतिवेदनलाई यथार्थ चित्रण गर्न सक्ने बनाइनुपर्दछ ।

४ **फरक हिसाब**

पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०-१) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहाय अनुसार यस वर्षको प्राप्ति रु.९,८३,१२,१४२.२० र यस वर्षको भुक्तानी

रु.९,४८,५८,०८९ ले फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति (आय)	यसवर्षको भुक्तानी (व्यय)	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	५१४४३२८८.११	३२४०३०८०८.६२	३१८८९९०२२.४९	६००२९१२७.२५
एकीकृत आर्थिक विवरण अनुसार	५१४४३२८८.११	४२२३४२९५०.८२	४१३७५७१११.६८	६००२९१२७.२५
फरक	०	**९८३१२१४२.२०**	**९४८५८०८९.१९**	०

५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८ (नमुना सहित) तर्जुमा गरी सबै स्थानीय तहहरुलाई कार्यान्वयन गर्न मिति २०७८।८।१३ मा परिपत्र गरेको छ । हालसम्म पालिकाले सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका बनाई लागु गरेको छैन । वित्तीय व्यवस्थापन कार्यमा आन्तरिक जाँच र आन्तरिक लेखापरीक्षण प्रभावकारी हुन सकेको छैन । अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन सकेको छैन । पालिकामा कार्यरत कर्मचारीहरुको कार्य विवरण लागु गरी सो बमोजिम र करारमा कार्यरत कर्मचारीहरुको तोकिए बमोजिम कार्यसम्पादन मूल्याङ्कन गरेको छैन । त्यस्तै सुशासन व्यवस्थापन तथा संचालन नियमावली, २०६५ मा हरेक सार्वजनिक निकायले नागरिक बडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नुपर्ने व्यवस्था रहेकामा त्यस्तो संयन्त्र तर्जुमा गरेको पाइएन । जसले गर्दा आन्तरिक नियन्त्रण प्रणालीको प्रमुख उद्देश्य अनुसार पालिकाले निर्धारित विधि र प्रक्रिया अनुसार कार्यसम्पादन गरी लक्ष्य प्राप्त गर्नुपर्नेमा सो नभएको, सम्भावित जोखिमहरुको समयमै पहिचान, रोकथाम र नियन्त्रण प्रभावकारी हुन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलाबद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकेको, प्रचलित ऐन नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, कार्य सञ्चालन व्यवस्थित, सिलसिलाबद्ध हुन नसकेको, स्रोत साधन र सम्पत्तीको उपयोगमा मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता ल्याउन नसकेको, प्रचलित ऐन नियम लगायतका कानूनी व्यवस्था तथा कार्यविधिको पालनामा प्रभावकारिता आउन नसकेको, वित्तीय जिम्मेवारी र अनुशासन कायम गरी वित्तीय पारदर्शिता र जवाफदेहिता प्रबर्धन प्रभावकारी हुन नसकेको अवस्था छ ।जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सो माथी विश्वस्त हुन सक्ने अवस्था छैन । यसमा सुधार हुनुपर्दछ ।

६ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानून बमोजजम आफ्नो आय र व्ययको आन्तरिक लेखा परीक्षण गराउनु पर्ने व्यवस्था छ ।त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को ३३(४) मा आन्तरिक लेखापरीक्षकले प्रत्येक तीन महिनामा आन्तरिक लेखापरीक्षण गरी लेखापरीक्षणको क्रममा औल्याइएको व्यवस्था खुलाइ सुझाव सहितको प्रतिवेदन आन्तरिक लेखापरीक्षण समाप्त भएको एक महिनाभित्र सम्बन्धित कार्यालय वा निकाय प्रमुख तथा अख्तियारी प्रदान गर्ने तालुक कार्यालय समक्ष पेश गर्नु पर्छ। स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गाउँपालिकाले प्रत्येक त्रैमासिक समाप्तीमा नभई बार्षिक रुपमा मात्र आन्तरिक लेखापरीक्षण गरेको देखिन्छ । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गराई र सो बाट कायम भएका बेरुजु समयमै फर्स्यौट गरी आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

७ योजना तथा बजेट कार्यान्वयन

पालिकाको योजना तथा बजेट कार्यान्वयनको क्रममा देखिएका केही प्रमुख बेहोराहरु निम्नानुसार रहेका छन:

• स्थानीय सरकार ऐन २०७४ को दफा २४ मा पालिकाले स्थानीय स्तरमा नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा लक्ष्य अनुकुल हुने गरी आवधिक, रणनीतिगत बिषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने व्यवस्था छ ।

पालिकाले प्रथम आवद्यिक योजना कार्यान्वयन गरी दोस्रो योजना सुरु गरेको भएतापनि वार्षिक बजेट र योजना बीच तादाम्यता हुने गरी मध्यमकालीन खर्च संरचनाको अभ्यास गरेको देखिएन ।

• दिगो बिकासका लक्ष्य तथा संघ र प्रदेशको आवधिक योजनासँग सामञ्जस्य हुने गरी आयोजना छनौट गर्न स्थानीय स्तरको आयोजना बैंक वा आयोजना सुची बनाई कार्यान्वयन गर्नुपर्नेमा गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भए तापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

• आर्थिक वर्षको अन्त्यमा बढी पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु.७ करोड ३४ लाख ३७ हजार भएकोमा प्रथम त्रैमासिकमा रु.६६ लाख ९९ हजार, दोश्रो त्रैमासिकमा रु.४२ लाख ७८ हजार, तेस्रो त्रैमासिकमा रु.१ करोड ३३ लाख ७० हजार, चौथो त्रैमासिकमा रु.४ करोड ९० लाख ९० हजार र असार महिनामा मात्रै रु.२ करोड ७२ लाख ७६ हजार खर्च भएको देखिन्छ । स्वीकृत बार्षिक कार्यक्रम अनुसार त्रैमासिक रुपमा खर्च गर्नुपर्दछ ।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० लाख भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा वार्षिक योजना तयार गर्नुपर्नेमा पालिकाले रु.७ करोड ३४ लाखको पुँजीगत खर्च गरेकोमा बार्षिक खरिद योजना तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले कुनै शिर्षकबाट पुँजीगत शिर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । पालिकाको हिउँदे गाउँसभाको निर्णयबाट योजना संशोधन तथा बजेट थपघट गरी शुरु बजेटमा रु.२,७१,५५,४५६ रकमान्तर गरेको देखिन्छ । स-साना योजनाहरुमा रकम विनियोजन गर्ने र हिउँदे अधिवेशनबाट योजना संशोधन गर्ने परिपाटीमा सुधार हुदै जानुपर्दछ ।

• गाउँ सभाबाट बजेट विनियोजन गर्दा अध्यक्ष विकास कार्यक्रम र उपाध्यक्ष विकास कार्यक्रम गरी रु २५ लाखको दरले रु ५० लाख बजेट अबण्डा राखी तत्पश्चात स साना कार्यक्रमहरु कार्यान्वियन गरेको छ । यसरी बजेट विनियोजन गर्दा अबण्डा राखी पछि खर्च गर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

• पालिकालाई यो वर्ष समानीकरण बाहेक संघीय अनुदान रु.१५,१९,०८,००८ र प्रदेश अनुदान रु.३,३६,०२,४०२ गरी कुल रु.१८,५५,१०,४१० प्राप्त गरेकोमा सो अनुदान सबै उपयोग नगरी क्रमश: रु.१,५३,७३,६१८.९२ र रु.६२,६६,२१४.९७ गरी कुल रु.२,१६,३९,८३३.८९ सम्बन्धीत कोषहरुमा फिर्ता गरेको छ । प्राप्त अनुदान सबै उपयोग हुने गरी कार्यक्रम तथा आयोजना सञ्चालन हुनुपर्दछ ।

• पालिकाले यो वर्ष आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, सुशासन तथा अन्तरसम्बन्धित र कार्यालय सञ्चालन तथा प्रशासनिक शीर्षकमा क्षेत्रगत रुपमा रु.४०४५२८ हजार बजेट विनियोजन गरेकोमा कुल रु.३१८८९९ हजार अर्थात कुल बजेटको तुलानामा ७८.८३ प्रतिशत खर्च भएको देखिन्छ । क्षेत्रगत रुपमा हेर्दा विनियोजित बजेटको तुलनामा आर्थिक विकासमा ६६.४४ प्रतिशत, सामाजिक विकासमा ९३.०१ प्रतिशत, पूर्वाधार विकासमा ५२.५३ प्रतिशत, सुशासन तथा अन्तरसम्बन्धीतमा ८२.६५ प्रतिशत र कार्यालय सञ्चालन तथा प्रशासनिकमा ८७.९१ प्रतिशत खर्च भएको देखिन्छ । क्षेत्रगत रुपमा सबैभन्दा कम पूर्वाधार विकासमा खर्च भएको देखिएकोले सो क्षेत्रको कार्यसम्पादन स्तरमा थप अभिवृद्धि ल्याउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

• पालिकाले यो वर्ष कन्टिन्जेन्सी वापत रु.१९,३४,२२४ खर्च गरेको छ । यस्तो खर्च अधिकाँश प्राविधिकहरुको फिल्ड भत्ता र लजिष्टिक सपोर्टमा खर्च हुने गरेको देखिन्छ । कन्टिन्जेन्सी खर्चको आयोजनागत रुपमा र खर्च शीर्षकगत रुपमा अभिलेख राख्नुको साथै छुट्टै कार्यविधि समेत तर्जुमा तथा कार्यान्वयन गरी यस्तो खर्च व्यवस्थित गर्नुपर्दछ ।

• आन्तरिक राजस्व अनुमानमा कर तथा शुल्क अनुमानको ठोस आधार निर्माण गरेको पाइएन ।

• पालिकाको स्थानीय राजस्व अभिवृद्धिको लागि राजस्व सुधार योजना तयार गरी सो अनुरुप राजस्व संकलनका विधि, उपकरण तथा जनशक्ति परिचालन गर्नुपर्नेमा गरेको पाइएन ।

• स्थानीय तथ्याकं तथा अभिलेख व्यवस्थापनको लागि नीति, कानून, मापदण्ड तयार गरी कार्यान्वयन गरेको पाइएन । यसबाट स्थानीय तथ्याकं व्यवस्थापन प्रणाली भरपर्दो र विश्वसनीय देखिएन ।

उल्लिखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

८ योजनाको प्राथमिकीकरण

स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा ५.४.६ सँग सम्बन्धित अनुसूची ११ मा आयोजना प्राथमिकिकरणका सामान्य आधार र क्षेत्रगत आधारहरु उल्लेख भएकोमा सोही बमोजिम योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार वडास्तरीय र पालिकास्तरका गरी कुल योजनामा बजेट विनियोजन गरेकोमा रु ५ लाख मुनिका आयोजना मात्रै कुल आयोजनाको ७२ प्रतिशत रहेको देखिन्छ । योजना तथा बजेट तर्जुमा दिग्दर्शन बमोजिम योजना छनौट नगर्ने र स–साना टुक्रे आयोजनामा रकम विनियोजन गरी खर्च गर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाखमाथिका योजना सङ्ख्या	रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाख भन्दा कमका योजना सङ्ख्या	स्वीकृत मध्ये कार्यान्वयन नभएको योजना
१.	पालिकास्तरीय	४१	१५	८	१८	०
२.	वडा स्तरीय	३६	०	०	३६	०
३	प्र.म.रोजगार	२३	०	५	१८	१
जम्मा		**१००**	**१५**	**१३**	**७२**	**१**

९ ठेक्का व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा रकम खर्च गर्दा खर्च पुष्टी हुने बिल, भर्पाई, प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले बजेट कार्यान्वयनको क्रममा ठेक्का व्यवस्थापन गर्दा देखिएका कमजोरीहरु निम्नानुसार रहेका छनः

• आइटमवाइज कार्य अभिलेख खाता (म.ले.प.फा.नं.५०५) तयार नगरेको,

• ठेक्कागत अभिलेख खाता (म.ले.प.फा.नं. ५०६) तयार नगरेको,

• ठेक्का सम्बन्धी गोश्वारा लगत (म.ले.प.फा.नं. ५०७) तयार नगरेको,

• जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन (म.ले.प.फा.नं. ५१४) तयार नगरेको,

• नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) नरहेको,

• कार्य स्वीकार/सम्पन्न प्रतिवेदन र नापी किताबमा नापि लिएको र कार्य सम्पन्न भएको मिति नखुलाएको,

• सम्पन्न आयोजनाको प्रभाव मूल्याङ्कन गर्ने नगरेको,

• आयोजना कार्यान्वयनमा पालिकाले गुणस्तर परीक्षण गर्ने गरेको भएतापनि आयोजना ठेक्कामा गुणस्तर आश्वस्तता योजना पेश गर्ने तथा गर्न लगाउने र सो अनुरुप गुणस्तर कायम भए नभएको मूल्याङ्कन नगरेको,

• सम्झौता अनुसार कार्यसम्पन्न भई कार्य स्वीकार प्रतिवेदन जारी भएर त्रुटी सच्चाउने अवधि बाँकी भएका ठेक्काहरुको सम्बन्धमा अनुगमन गरी मर्मत गराउन लगाएको अभिलेखबाट नदेखिएको ।

पालिकाको ठेक्का व्यवस्थापनमा देखिएका उपर्युक्त कमजोरीहरु समयमै सुधार गरी आयोजना छनौट, कार्यान्वयन तथा मूल्याङ्कन कार्यलाई मितव्ययी, दक्षतापूर्ण र प्रभावकारी बनाउनुपर्दछ ।

१० म्याद ननाघेको पेश्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छद ५ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की फर्स्यौट सम्बन्धि व्यवस्था रहेको छ । सुत्र प्रणालीबाट प्राप्त विवरण अनुसार निम्नानुसारको मोविलाइजेशन पेश्की बाँकी यो वर्ष देहाय बमोजिम रु.१४,२५,००० रहेकोमा नियमानुसार फर्स्यौट हुनुपर्दछ ।

क्र.सं	भौचर नं र मिति	पेश्की लिनेको नाम	प्रयोजन	पेश्की बाँकी रकम रु
१	२५,२०८१।१२।७	नारायणथान निर्माण सेवा प्रा.लि.	शहिद स्मृती खेल मैदान निर्माण	४,२५,०००
२	२०,२०८२।३।२५(प्रदेश)	सि.डब्लु.कन्स्ट्रक्सन प्रा.लि.	निलकण्ठ मन्दिर निर्माण	१०,००,०००
जम्मा				**१४,२५,०००**

११ आयोजना अनुगमन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ८१ मा कार्यालयले आफ्नो कामको प्रकृति अनुसार खर्चलाई मितव्ययी एवं कामलाई गुणस्तरिय बनाउन आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रायजसो वडास्तरिय कार्यक्रम वडा अध्यक्ष र गाउँस्तरिय कार्यक्रमको वडा अध्यक्ष एवं उपाध्यक्षको अध्यक्षतामा रहेको गाउँस्तरिय अनुगमन समितिबाट अनुगमन गराई भुक्तानीको लागि सिफारिस गर्ने गरेको देखियो । आयोजना अनुगमनमा आयोजनाको खर्च उल्लेख गरेतापनि योजनाका कमी कमजोरी उल्लेख गर्ने गरेको देखिएन । यसबाट उक्त काम सम्झौता अनुसार नै सम्पन्न भएको थियो भन्ने बुझिन आउँदछ । सबै जसो कामको अनुगमन पश्चात भुक्तानी हुने गरेको देखिँदा कुनै आयोजनामा कमी कमजोरी वा गुणस्तरमा प्रश्न उठेमा त्यस्को जिम्मेवारी उपभोक्ता समिति, प्राविधिक, अनुगमनकर्ता एवं भुक्तानीको लागि सिफारिस गर्ने पदाधिकारीलाई बनाउनु पर्ने देखिन्छ । साथै अनुगमन गर्दा मापन योग्य सूचक सहितको फारामहरुको प्रयोग गरी आयोजना अनुगमनलाई थप प्रभावकारी बनाइनुपर्दछ ।

१२ कानून तर्जुमा र कार्यान्वयन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म विभिन्न विषयगत ऐन १६, नियमावली ४ र कार्यविधि, निर्देशिका तथा मापदण्ड ४८ गरी ६८ कानुन निर्माण गरेको छ । बनाइएका कानून तथा बाँकी अन्य बिषयगत कानूनहरु पनि समयमै तयार गरी प्रभावकारी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

१३ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार गत आर्थिक बर्षसम्म फस्र्यौट नभई यो आर्थिक बर्षमा जिम्मेवारी सरेका मुद्दा सँख्या १४, यो आर्थिक बर्षमा दर्ता भएका मुद्दा सँख्या १० गरी कुल २४ वटा मुद्दा तथा उजुरी रहेकोमा १९ मुद्दा तथा उजुरी फस्र्यौट भई ५ मुद्दा तथा उजुरी आगामी बर्षको लागि जिम्मेवारी सरेको देखिन्छ । बाँकी मुद्दा पनि समयमै फस्र्यौट गरिनुपर्दछ ।

१४ प्रशासनिक संगठन र जनशक्ति व्यवस्थापन

१४.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमद्वारा दरबन्दी एकिन गरेको छैन । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तोकेको गाउँपालिका कार्यालयको दरबन्दी तेरिज अनुसार विभिन्न पदमा वडा कार्यालय समेत कुल ५९ दरबन्दी रहेकोमा यो बर्ष उक्त दरबन्दी अनुसारको स्थायी ४५ र करार ९ गरी ५४ जना, विभिन्न सशर्त कार्यक्रम र ग्रामिण अस्पताल समेत २८ जना र गाउँपालिका स्रोतबाट ४८ जना करारमा गरी १३० जना कर्मचारीको लागि पारिश्रमिक शिर्षकमा रु.२,७९,१९,१०० र करार कर्मचारीलाई अन्य सेवा शुल्क शिर्षकमा रु.२,०३,३२,९५२ खर्च लेखेको छ । कार्यबोझ, कार्यपरिमाण तथा आन्तरिक आय समेतलाई ध्यान दिई तथा संगठन तथा व्यवस्थापन सर्वेक्षणबाट दरबन्दी एकिन नगरी तलब भत्तामा खर्च लेख्ने कमजोरीमा सुधार हुनुपर्दछ ।

१४.२ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न नपाइने व्यवस्था भएतापनि पालिकाले आइटि अधिकृत, हेल्थ असिस्टेन्ट, अनमी लगायत ११ जना नियुक्त गरी रु.१९,३२,७२६ तलब भत्ता खर्च लेखेको छ । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी तलब भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

अनियमित भएको	१९,३२,७२६

१५ तलबी प्रतिबेदन

निजामती सेवा ऐन, २०४९ को दफा ७ ख १ मा तलबी प्रतिवेदन पारित गराई तलब भुक्तानी गर्ने व्यवस्था छ । त्यस्तै बागमती प्रदेश निजामती सेवा ऐन २०७९, को दफा ४६ (४) मा प्रदेश किताबखानाबाट तलबी प्रतिवेदन पारित नगराई तलब भत्ता भुक्तानी गर्नुहुदैन तथा किताबखाना गठन नभएसम्म प्रचलित कानून बमोजिम तलबी प्रतिवेदन पारित गर्न बाधा पर्ने छैन भन्ने व्यवस्था छ । यस वर्ष पालिकाले कर्मचारी पारिश्रमिक शीर्षकमा रु.२,७९,१९,१०० खर्च लेखेकोमा गाउँसभाबाट वा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित भएको देखिएन।तलबी प्रतिवेदन विवरण नहुँदा खर्च लेखिएको तलब स्केल र ग्रेडको यथार्थता भिडान गर्न सकिएन। तलबी प्रतिबेदन पारित विना तलब खर्च लेख्ने परिपाटिमा सुधार हुनुपर्दछ ।

१६ कर्मचारी कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोष स्थापना गर्न सक्ने व्यवस्था छ । पालिकाले यो वर्ष स्थानीय सञ्चित कोषबाट कर्मचारी कल्याण कोषमा रु. १७,००,००० ट्रान्सफर गरेकोमा उपरोक्त व्यवस्था अनुसार कर्मचारीहरुको कुनै योगदान कट्टी गरेको छैन । तर उक्त कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यस्तो खर्च कानूनद्धारा व्यवस्थित बनाईनुपर्दछ ।

१७ पालिका स्रोतबाट शिक्षक तलब भत्ता

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ मा स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था भए अनुरुप नेपाल सरकारले माध्यमिक तहसम्मका स्वीकृत दरबन्दीका शिक्षकको तलब भत्ता वापतको रकम अनुदान दिदै आएको छ। पालिकाभित्रका विद्यालयको स्विकृत शिक्षक दरबन्दी स्थायी र करार मार्फत पदपुर्ती भई शिक्षकहरु कार्यरत रहेको अवस्थामा समेत पालिकाबाट निर्णय गराई गरी विद्यालयलाई तलब भत्ता शिर्षकमा अनुदान दिइएको देखिन्छ। पालिकाको स्वीकृत दरबन्दी बेगर पालिकाबाट तलब भत्ता खाने गरी पालिकाभित्रका ९ विद्यालयमा स्वयसेवक र करार गरी १९ जना शिक्षक नियुक्ति गरी चाडपर्व र पोशाक खर्च समेत वार्षिक रु.५१,६९,००० निकासा दिई खर्च लेखेको देखिन्छ। अनुदान पश्चात सामुदायिक विद्यालयको शैक्षिक सुधारको सम्बन्धमा अनुगमन गरी सुधार नभएको विद्यालयलाई गाउँपालिकाको अनुदान निकासा नदिने वा रोक्का गर्ने सम्बन्धमा अनुगमन तथा मुल्यांकन भएको देखिदैन। पालिकाले सार्वजनिक स्रोतको खर्च पश्चात सोको प्रतिफलको अध्ययन गरी पुन सोही शिर्षकमा अनुदान निकासा गर्नु उचित देखिदैन।

१८ कार्यालय सम्बन्धी खर्च

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ मा सोझै खरिद सम्बन्धी व्यवस्था छ । उक्त नियममा भएको रकमको सिमाभन्दा बढी रकमको खरिद गर्दा प्याकेज बनाई बोलपत्र वा सिलबन्दी दरभाउपत्रको माध्यमद्वारा खरिद गर्नुपर्दछ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक बजारबाट खरिद गरी मसलन्द तथा कार्यालय सामाग्रीमा रु.३०,९६,५५० खर्च लेखेको छ । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गरी खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्दछ । त्यस्तो खरिदका केही उदाहरणहरु:

क्र.नं.	गो.भौ.नं. र मिति	सामानको विवरण	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम
१	१८३ २०८१।१२।०७	मसलन्द सामान खरिद	ए.ए. सप्लायर्स	१९५६२
२	,,,	,,,	वि एण्ड टी होम डेकोरेट	३९१८४
३	,,,	,,,	शिखा सप्लायर्स	६०८३७
४	३४०-२०८२।०३।१५	,,	रुही नेपाल प्रा.लि.	१९९९१७
	२६९-२०८२।०२।०७	,,	,,	२१८१४८
५	,,	,,	नारायणी इन्टरप्राइजेज	१२६९७४

१९ वितरणमुखी कार्यक्रमः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । पालिकाले यो वर्ष निम्नानुसारका वितरणमुखी कार्यक्रमहरु सञ्चालन गरेको पाइयो ।यस्ता प्रकृतिका खर्च गर्दा पालिकाले कार्यक्रमको सामाजिक उपलब्धि, वितरीत सामानको दिगो उपयोगको व्यवस्था जस्ता पक्षलाई ध्यान दिई उत्पादनशील नदेखिएका खर्चहरु नियन्त्रण गर्दै जानुपर्दछ । यस सम्बन्धमा देखिएका केही उदाहरण निम्नबमोजिम छन ।

भौ नं/मिति	प्रयोजन	भुक्तानी रकम
३११, २०८२।३।५ (गापा चालु)	गरिब तथा जेहेन्दार विद्यार्थी छात्रवृत्ति कार्यक्रम	२७,८५,०००
४३७, २०८२।३।२४	कृषकहरुलाई आलु भण्डारणमा अनुदान	३,६०,०००
विभिन्न	दुग्ध उत्पादन कृषकहरुलाई ढुवानी अनुदान	५,३५,५००
५८ र १८९-२०८१।१२।१९	तीजको विशेष दर कार्यक्रम	१,१७,६५३
१४-२०८१।१२।१९	माउ भैसी मरेको क्षतिको राहत	३०,०००
१५-२०८१।१२।२२	६०० वटा कुखुराको चल्लाहरुको क्षतिको राहत	२५,०००
१४५- २०८१/११/०९	अल्पसंख्यक जिविकोपार्जन अनुदान	९९,०००
३१७-२०८२/०३/०६	सिलाइ मेशिन खरिद खर्च रकम	१,५०,०००
४१२-२०८२/०३/२२, ४१६-२०८२/०३/२३	एकल महिलालाई बाख्रापालन कार्यक्रम	३,३९,६००
१६४- २०८१/११/२२	उमेर हदका कारण अवकाश प्राप्त गरेका विद्यालय सहयोगिहरुलाइ अवकाश सहयोग रकम भुक्तानी ।	२,००,०००

२० विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविध शीर्षकबाट रु.१३,३६,५०५ खर्च गरेको देखिन्छ उक्त खर्च पालिकाको यो बर्षको आन्तरिक आय रु.४३,५६,८२३ को तुलनामा ३०.६७ प्रतिशत रहेको छ । यस्ता खर्च प्राय खाना, खाजा, होटल बिल लगायतमा खर्च हुने गरेको देखिन्छ ।उल्लेखित प्रकृतिका खर्च नियन्त्रण गर्दै उत्पादनमूलक एवं परिणाममुखी कार्यमा खर्च गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

२१ नागरिक स्वास्थ्य बिमा कार्यक्रम

गाउँपालिकामा स्थायी बसोवास गर्ने सम्पूर्ण नागरिकको निशुल्क बिमा गर्ने गरी पालिकाले नागारीक स्वास्थ्य बिमा कार्यक्रम कार्यविधि, २०७९ वनाई तपशिल वमोजिम रु.८१,९९,१०० खर्च गरेको छ । गाउँपालिकाको आन्तरिक आय रु.४३,५६,८२३।६५ भएको अवस्थामा सो को १८८ प्रतिशत बिमामा खर्च गरेको देखिन्छ । आफ्नो आन्तरिक आयलाई ध्यान दिई तथा बिमा शुल्क तिर्न नसक्ने गरिब घर परिवारलाई मात्र समेटी बर्षेनी खर्च हुने यस्तो प्रकृतिको दायित्व कम गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

क्र.सं.	**मिति**	**भौ. नं.**	**कार्यक्रम**	**विवरण**	**रकम**
१	०९/२२/२०८१	९७	नागरिक स्वास्थ्यबिमा	वडा नं २ का ५९, वडा नं ३ का ५३, वडा नं ४ का ५ वडा नं ५ का ३१घरपरिवारको स्वास्थ्य बिमा शुल्क रकम	५,४३,२००.००
२	०९/२६/२०८१	९८	नागरिकस्वास्थ्य बिमा	वडा नं १ का १०७ घरपरिवारको बिमाशुल्क रकम	४,०३,२००.००
३	११/२२/२०८१	१६३	नागरिकस्वास्थ्य बिमा	वडा नं १ का २२५ घरपरिवार तथा वडा नं ४का २४९ घरपरिवारको बिमाशुल्क	१७,६८,९००.००
४	१२/१०/२०८१	१८६	नागरिकस्वास्थ्य बिमा	वडा नं ३ का २५० घरपरिवार तथा वडा नं २ का ३३९ घरपरिवारको स्वास्थ्यबिमा शुल्क रकम	२१,५८,१००.००
५	१२/२०/२०८१	१९३	नागरिकस्वास्थ्य बिमा	वडा नं १ का २५६ घरपरिवारको स्वास्थ्य बिमा शुल्क रकम	९,५१,३००.००
६	१२/२१/२०८१	१९४	नागरिकस्वास्थ्य बिमा	वडा नं २ का १८२ परिवारको स्वास्थ्य बिमाशुल्क रकम	६,९१,६००.००
७	१२/२६/२०८१	२०३	नागरिकस्वास्थ्य बिमा	वडा नं ३ का ६७ घरपरिवार तथा वडा नं ५ का ३९१ घरपरिवारको स्वास्थ्यबिमा शुल्क रकम	१६,८२,८००.००
	जम्मा				**८१,९९,१००**

२२ अतिरिक्त कक्षा

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियावलीको नियम ३९ सरकारी रकम खर्च गर्न कार्यविधि को उपनियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले प्रदेश चालु अर्न्तगत भौचर नं. ४०७-२०८२।०३।२२ मा श्री सेतीभूमे माध्यमिक विद्यालयका ११ शिक्षकलाई विद्यालयमा सिकाईमा कमजोर विद्यार्थीहरूलाई सुधार गर्नका लागि निदानात्मक थप सिकाई कार्यक्रमको लागि बेलुका ४ देखि ५ बजेसम्म वैशाख देखि असार सम्म ४७ दिनको पारिश्रमिक बापत रु.९१६५० र कालिका हिमालय माविका ७ जना शिक्षकहरुलाई २०८१ श्रावण देखि २०८२ असारसम्म १२ महिनाको दैनिक २ घण्टा सम्पर्क कक्षाको लागि मासिक २४ दिनको रु.९६०० को दरले रु.३८४०० भुक्तानी गर्दा सो समय काम गरेको खुल्ने विद्युतिय हाजिर संलग्न भएको देखिएन । यसरी खर्च लेख्दा अतिरिक्त समय काम गरेको पुष्टि हुने विद्युतिय हाजिर संलग्न गरेर खर्च लेख्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२३ जिवजिवे ग्रामिण अस्पताल

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियावलीको नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था रहेको छ । गाउपालिकाले जिवजिवे ग्रामिण अस्पतालमा कार्यरत चिकित्सक, पारामेडिक्स र अन्य कर्मचारी गरी २५ जनालाई रात्री खाजा वापत प्रतिदिन रु.३०० को दरले भौचर नं. ६० मिति २०८२।३।२२ बाट

रु १,६१,१५०, भौचर नं ३७ मिति २०८२।१।७ बाट रु.१,५२,६५० र भौचर नं १५ मिति २०८१।८।२० बाट रु.१,५२,४०० गरी कुल रु.४,६६,२०० भुक्तानी गरेको छ । यसरी भुक्तानी गर्दा रात्रीको समयमा काम गरेको प्रमाणित हुने विद्युतीय हाजिरी विवरण संलग्न गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२४ **इन्धन खर्चको मापदण्ड**

बागमती प्रदेश स्थानीय तहको पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धित ऐन, २०७६ को अनुसुची १ मा अध्यक्षले मासिक १२० लि. पाउने व्यवस्थाले अधिकतम इन्धन सुविधा वार्षिक १४४० लिटर हुन्छ ।तर पालिकाले उपलब्ध गराएको विवरण अनुसार वर्षभरी अध्यक्षको लागि उपलब्ध सवारीले ३२०९.४ लिटर इन्धन खपत गरेको देखिन्छ जुन इन्धन डिजेल औषत मूल्य प्रति लि. रू.१७०.२ को दरले रू. ५,४६,२३९.८८ हुन आउछ । तर पालिकाले सवारी साधन कम भएको कारण अध्यक्षको सुविधाको अलावा कार्यालय प्रयोजनमा समेत प्रयोग हुने गरेकोले इन्धन तोकेको मापदण्ड भन्दा बढी खर्च भएको जनाएको छ । पालिकाले यो बर्ष जेसीबी, एम्बुलेन्स तथा मोटरसाइकलमा समेत गरी इन्धनमा कुल रु.३२,५४,६८८ खर्च गरेको छ । उक्त खर्चको यथार्थताको लागि सवारी साधन प्रयोग गर्दाको समयको लगबुक, उद्देश्य तथा दुरी समेत खुलाई इन्धन खर्चको प्रयोगलाई थप व्यवस्थित बनाउनुपर्दछ ।

२५ **विद्युत महशुल जरिवानाः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियावलीको नियम ३९ सरकारी रकम खर्च गर्न कार्यविधि को उपनियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न मितिमा ५ भौचरबाट विजुली महशुल भुक्तानी गर्दा जरिवाना रु.१२,६३०.६७ पनि भुक्तानी गरेको पाइयो ।यसरी समयमा कार्यसम्पादनमा भएको ढिलाइको कारण जरिवाना भुक्तानी भएको देखिएकोले सम्बन्धीत पदाधिकारीलाई जिम्मेवार बनाउँदै सो कमजोरीमा सुधार गर्नुपर्दछ ।

२६ **विज्ञापन खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियावलीको नियम ३९ सरकारी रकम खर्च गर्न कार्यविधि को उपनियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले विज्ञापन खर्चको रकम विज्ञापन एजेन्सीलाई भुक्तानी दिदा एजेन्सीले सम्बन्धीत मेडिया हाउसलाई भुक्तानी गरेको रकम र सो मा एजेन्सीले आफुले प्राप्त गर्ने कमिशन जोडी बिल जारी गरे नगरेको एकिन नगरी निम्नानुसार भुक्तानी गरेको छ । विज्ञापन खर्चको रकम भुक्तानी गर्दा मेडिया हाउसले प्राप्त गर्ने रकम र एजेन्सीको कमिशन आय एकिन गरेर मात्र यस्तो खर्च लेख्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

क्र. सं	भौचर नं र मिति	भुक्तानी रकम
१	१४, २०८२।३।९ (प्रदेश पुँजीगत)	५७,८३७
२	१३, २०८१।१०।९ (गा.पा.पुँजीगत)	५९,९००

२७ **सोलार बत्ती व्यवस्थापन**

सार्वनजिक खरिद नियमावली २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ती गरिएका मालसमान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरिक्षण वा परीक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले २२ वटा सोलार बत्ति व्यवस्थापन कार्यको लागि मूल्य अभिवृद्धि बाहेक रु. २५,२६,५२४ को लागत अनुमान तयार गरी ठेक्का मार्फत दुर्गा बिष्णु कन्स्ट्रक्सनसँगलाई भौचर नं २३ मिति २०८२।३।२५ मा २२ वटा बत्ति नै जडान कार्य सम्पन्न भएको भनी मूल्य अभिवृद्धि बाहेक रु.१५,०७,००० भुक्तानी गरेको छ । यसरी लागत अनुमानको तुलनामा करिब ४१ प्रतिशत कम कबोल गरेको र सम्झौतामा उल्लिखित स्पेशिफिकेसन बमोजिम नै बत्ती जडान भए नभएको सम्बन्धीत विज्ञबाट निरिक्षण वा परीक्षण गराई प्रतिवेदन लिएको नदेखिदा उक्त बत्ती सेट स्पेशिफिकेसन बमोजिम नै थियो भनी आश्वस्त हुन सकिएन । यस्तो कमजोरीमा सुधार हुनुपर्दछ ।

२८ **धैबुङ्ग खानेपानी आयोजना (क)**

पालिकाले ठेक्का नं ४-२०८०/८१ अन्तर्गत यु.आर.डि. इन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. सँग मिति २०८१।३।२२ सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति २०८१।१।१२ मा रु.४८,८७,४७६.९५ को सम्झौता गरेकोमा मिति २०८१।११।३० सम्म म्याद थप भएको र अन्तिम बिलसम्म रु.४३,१०,२३७ भुक्तानी गरी कार्य स्वीकार प्रतिवेदन तयार गरेकोमा देखिएका बेहोरा निम्नानुसार छनः

२८.१ भेरिएशनः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा भेरिएशन आदेश जारी गर्नुपर्ने भएमा अपनाउनु पर्ने प्रक्रियाहरुको बारेमा व्यवस्था गरेको छ । सो प्रक्रियाहरुमध्ये उपनियम २ (ख) मा भेरिएशन परिमाणको प्राविधिक पुष्ट्याई र कारण खुलाउनु पर्ने उपनियम ५ मा भेरिएशन आदेश जारी गर्दा विशेषज्ञहरुको समूह मार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको आधारमा मात्र जारी गर्न सक्ने व्यवस्था छ । तर पालिकाले उल्लिखित प्रक्रियाहरु नअपनाई सुरु सम्झौता रु.४८,८७,४७६ रहेकोमा रु.४,७८,२४८ ले घटाई रु.४४,०९,२२८ कायम गरी कार्य स्वीकार प्रतिवेदन तयार गरेको देखिन्छ । यसरी उपर्युक्त नियमावलीले गरेको व्यवस्था अनुरुप भेरिएशनको प्राविधिक पुष्ट्याई र कारण बिना भेरिएशन चार्टको आधारमा भेरिएशन आदेश जारी गर्ने कमजोरीमा सुधार हुनुपर्दछ ।

२८.२ बढी भुक्तानीः सार्वजनिक खरिद नियमावलीको नियम १२३ मा प्राविधिक नाँपजाच गरी वास्तविक कार्यसम्पादनको आधारमा बिल बिजकको भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले उक्त आयोजनाको निर्माण व्यवसायीलाई प्रथम रनिङ्ग बिल भुक्तानी दिदा रु.३२,९७,९५८.३० भुक्तानी दिएकोमा दोस्रो तथा अन्तिम बिल भुक्तानी दिदा अघिल्लो बिलको भुक्तानी रु.३२,९०,८५८.१८ कायम गरेकोले बढी भुक्तानी हुन पुगेको रु.६,८७७ सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	६,८७७

२८.३ योजना कार्यान्वयनमा समन्वयः पालिकाले उक्त आयोजनामा कुल २८६ धाराको लागि ठेक्का लगाएकोमा सो मध्ये धारा जडान कार्यतर्फ १०२ धारा पुरानै पानि ट्याङ्की (RVT) प्रयोग गरी प्रदेश सरकारले जडान गरिदिएको र बाँकी धारा जडानको लागि धारा, चेम्बर तथा अन्य आवश्यक संरचना निर्माणको काम पालिकाले गर्नुपर्ने भएकोले उपभोक्ता समितिबाट कार्य गराईएको भनी भौचर नं ५०, मिति २०८२।१।३१ बाट रु. १२,४७,७०४.७९ भुक्तानी गरेको छ । यसरी एउटै खानेपानी आयोजनामा पालिकाले दुइ प्याकेज (ठेक्का र उपभोक्ता समिति) को साथै प्रदेश सरकारले पनि आफ्नै संयन्त्र मार्फत कार्य भएको देखियो । एकै निकायले आवश्यक खरिद प्याकेज बनाई कार्य गर्नुपर्नेमा नगर्दा काममा दोहोरो पर्न सक्ने तथा बजेट कार्यान्वयन पनि प्रभावकारी नहुने भएकोले स्थानीय र प्रदेश बिचको योजना कार्यान्वयनमा प्रभावकारी समन्वय हुनुपर्दछ ।

२९ स्पेशिफिकेसन र गुणस्तर

सार्वनजिक खरिद नियमावली २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ती गरिएका मालसमान सम्झौतामा उल्लिखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरिक्षण वा परीक्षण गराउनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार समान प्राप्ती गर्दा उक्त नियममा भएको व्यवस्था अनुसार निरिक्षण वा परीक्षण गराएको देखिएन । नियमावलीमा तोकिएको व्यवस्थाको परिपालना हुनुपर्दछ ।

भौचर नं र मिति	सप्लायर्स	समान	भुक्तानी रकम
५, २०८१।६।१७	टाइम सप्लायर्स पुतलीसडक	ल्यापटप लगायत	१,९९,०००
७८, २०८२।३।१५	गिगाबाइट्स एण्ड पि सि वर्ल्ड प्रा.लि.	बायोमेट्रिक मेशिन	१,१७,८९०

३० धैबुङ्ग खानेपानी आयोजना (ख)

पालिकाले ठेक्का नं ३-२०८१/८२ अन्तर्गत रसुवा इन्जिनियरिङ्ग एण्ड बिल्डर्स प्रा.लि. सँग मिति २०८१।८।३० सम्ममा कार्य सम्पन्न गर्ने गरी मिति २०८०।११।३० मा रु.१,१९,६४,३९९.२० को सम्झौता र अन्तिम बिलसम्म रु.१,०२,५४,७६६ भुक्तानी गरी कार्य स्वीकार प्रतिवेदन तयार गरेकोमा देखिएका वेहोरा निम्नानुसार छनः

३०.१ भेरिएशनः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा भेरिएशन आदेश जारी गर्नुपर्ने भएमा अपनाउनु पर्ने प्रक्रियाहरुको बारेमा व्यवस्था गरेको छ । सो प्रक्रियाहरुमध्ये उपनियम २ (ख) मा भेरिएशन परिमाणको प्राविधिक पुष्ट्याई र कारण खुलाउनु पर्ने उपनियम ५ मा भेरिएशन आदेश जारी गर्दा विशेषज्ञहरुको समूह मार्फत आवश्यक जाँचबुझ गराई प्राप्त सिफारिसको आधारमा मात्र जारी गर्न सक्ने व्यवस्था छ । तर पालिकाले उल्लिखित प्रक्रियाहरु नअपनाई सुरु सम्झौता रु.१,१९,६४,३९९ रहेकोमा रु.५,६५,७५५ ले घटाई रु.१,१३,९८,६४४ कायम गरी सोही परिमार्जित सम्झौताको करिब ९० प्रतिशत कार्य भएको नापीको आधारमा कार्य स्वीकार प्रतिवेदन तयार गरेको देखिन्छ । यसरी उपर्युक्त नियमावलीले गरेको व्यवस्था अनुरुप भेरिएशनको प्राविधिक पुष्ट्याई र कारण बिना भेरिएशन चार्टको आधारमा भेरिएशन आदेश जारी गर्ने कमजोरीमा सुधार हुनुपर्दछ ।

३०.२ उपभोक्ता समितिबाट कार्यः पालिकाले सो ठेक्काबाट खानेपानीका ५३० धाराको मिटर जडान समेतको प्याकेज बनाई निर्माण व्यवसायीलाई भुक्तानी गरेकोमा धारा जडानको लागि अर्को प्याकेज बनाई उपभोक्ता समिति मार्फत कार्य गराएको र उपभोक्ता समितिले जडानको लागि आवश्यक फिटिङ्सका समान खरिद सहित ३५ धारा जडानको कार्य गरे बापत भौचर नं ६० मिति २०८२।२।१० बाट समितिलाई रु.१६,२९,६३६ भुक्तानी गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिन्छ । यसरी सुरुमा ५३० धारा जडान कार्यको लागि खरिद प्रक्रिया अगाडी बढेकोमा ३५ धारा मात्र जडान भई ४९५ धारा जडान कार्य बाँकी रहेको देखिन्छ । साथै खानेपानी आयोजनाको संरचना निर्माण देखि पाइप तथा फिटिङ्गस खरिद ठेक्का प्रक्रियाबाट र बितरणतर्फको श्रममूलक कार्यमा उपभोक्ता समितिको योगदान हुने गरी योजना कार्यान्वयनको अभ्यास नगर्दा योजनामा उपभोक्ताको योगदान न्यून हुन गएको देखिन्छ । तसर्थ उपभोक्ता योगदान पर्याप्त रहने गरी बाँकी धारा जडानको कार्य पनि समयमै सम्पन्न गर्नुपर्दछ ।

३०.३ बढी भुक्तानीः सार्वजनिक खरिद नियमावलीको नियम १२३ मा प्राविधिक नाँपजाच गरी वास्तविक कार्यसम्पादनको आधारमा बिल बिजकको भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले उक्त आयोजनाको निर्माण व्यवसायीलाई भुक्तानी दिदा अन्तिम बिलसम्म कुल रु.१,०२,५४,७६६.०९ मूल्याङ्कन भएकोमा विभिन्न रनिङ्ग बिल मार्फत भुक्तानी दिदा कुल रु १,०२,७३,०४५.८१ भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी रु.१४,६९३ सम्बन्धीतबाट असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१४,६९३

३१ **१५ शैया अस्पतालः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ मा काबु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनुपर्ने कुरा उपलब्ध नगराएमा वा मनासिब कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा अवधि बढाउन सकिने व्यवस्था रहेको तथा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२० मा कावु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलव्ध गराउनु पर्ने कुरा उपलव्ध गराउन नसकेमा वा ऐनको दफा ६७ क बमोजिम कागजात झिकाएको कारणबाट खरिद संझौताको अवधि नबढाई नहुने भएमा संझौता प्राप्त गर्ने व्यक्तिको निवेदनको आधारमा अधिकार प्राप्त अधिकारीले अवधि बढाउन सक्ने व्यवस्था छ । पालिकाले एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम अन्तर्गत १५ शैया अस्पताल निर्माणको लागि गौरी पार्वती/ के एण्ड के जी / रमिता जे भीसँग २ वर्षभित्र कार्य सम्पन्न गर्ने गरी मिति २०८०।२।९ मा रु.८,५२,०५,९५६ को सम्झौता गरी हालसम्म रु.६,६९,९१,३०२.२५ भुक्तानी गरेको देखिन्छ । उक्त ठेक्काको म्याद थपको लागि प्राविधिक प्रतिवेदन तयार नगरी गाउँ कार्यपालिकाको निर्णयले दोस्रोपटक मिति २०८२।६।३१ सम्म थप गरेकोमा हालसम्म ७१ प्रतिशत प्रगति रहेको देखिन्छ । यसरी समयमा कार्य सम्पन्न हुन नसकेको यथार्थ कारण पहिचान गरी सम्झौतामा भएको व्यस्था बमोजिम समयमै ठेक्का सम्पन्न गर्नेतर्फ पालिकाको ध्यान जानुपर्दछ ।

३२ **गैर सरकारी संस्थाबाट निर्माण कार्यः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम अभिमुखीकरण, सबलिकरण, मुल प्रवाहीकरण जस्ता कार्य गैर सरकारी संस्थाबाट गराउदा छिटो छरितो मितव्ययी र प्रभावकारी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ । ऐनको उक्त व्यवस्था बमोजिम पालिकाले गैर

सरकारी संस्था मार्फत निर्माण कार्य गराउन सक्ने देखिदैन । तर पालिकाले संघीय पुँजीगत तर्फ शहीद स्मृती भवन संरक्षण तथा घेरावार निर्माण कार्यको लागि भौचर नं ६ मिति २०८२।३।२३ मा रु.१७,२८,००० शहिद प्रतिष्ठान नेपाल रसुवा शाखालाई भुक्तानी गरेको छ । सो संस्थासँग पालिकाले निर्माण कार्यको सम्झौता गरेको र सोही संस्थालाई भुक्तानी गरेको भएतापनि उक्त संस्थाले आफ्नो बिल जारी नगरी उपभोक्ता समितिको शैलीमा सक्कल खुद्रा बिल भर्पाई पालिकामा पेश गरेको र पालिकाले पनि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिन्छ । उक्त खरिद ऐनमा यसरी गैर सरकारी संस्था मार्फत निर्माण कार्य गराउन सक्ने व्यवस्था भएको नदेखिएकोले खर्च रकम नियमित गर्नुपर्ने रु.

यस सम्बन्धमा छलफल गर्दा पालिकाले राय सुझावलाई आगामी दिनमा अबलम्बन गरिने उल्लेख गरेको छ ।

अनियमित भएको	१७,२८,०००

३३ **उपभोक्ता समिति परिचालन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा रकम खर्च गर्दा खर्च पुष्टी हुने बिल, भर्पाई, प्रमाण कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष पालिकास्तरका २९ वडास्तरिय ३६ गरी कुल ६५ योजना उपभोक्ता समिति मार्फत कार्य गरेको मध्ये १० उपभोक्ता समितिको स्रेस्ता परीक्षण गर्दा देखिएका केही बेहोराहरु निम्नानुसार छनः

• आयोजनाको अनुगमन गर्ने गरेको भएतापनि त्यस्तो अनुगमन कार्य मापन योग्य सूचकको आधारमा नभइ सामान्य फाराममा भुक्तानीको सिफारिसमा मात्र सिमित रहेको,

• लागत अनुमान तयार गर्दा जटिल प्रकृतिको काम नखुलाइएको र उपभोक्ता समितिले हेभि मेशिन प्रयोग गर्दा प्राविधिकको सिफारिस लिई सार्वजनिक निकायबाट सहमति लिएको पुष्ट्याईं नभएको अवस्थामा समेत नापजाँच गरी भुक्तानी दिने गरेको,

• लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन तयार गर्दा प्राविधिकले सम्झौता अनुसार उपभोक्ता समितिबाट गर्ने कार्य र रकम नखुलाई एकमुष्ट रुपमा रकम मात्र खुलाउने गरेको,

• उपभोक्ता समितिले गरेको निर्माण कार्यमा निर्माण सामाग्री तथा कंक्रिटको गुणस्तर परीक्षण गराउने नगरेको,

पालिकाको उपभोक्ता समिति परिचालनमा देखिएका उपर्युक्त कमजोरीहरु समयमै सुधार गरी आयोजना कार्यान्वयनलाई थप प्रभावकारी बनाइनुपर्दछ ।

३४ **उपभोक्ता समितिबाट निर्माण व्यवसायीको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन सकिने छैन भन्ने व्यवस्था छ । पालिकाले स्याउबारी पिकनिक स्पोट बुद्ध मन्दिर निर्माण उपभोक्ता समितिलाई भौचर नं ११० मिति २०८२।३।२४ बाट रु १९,१८,००० भुक्तानी दिएकोमा प्राविधिकले तयार गरेको नापी किताबमा रहेको माटो खन्ने र पुर्ने कार्य आइटमको लागि उपभोक्ता समितिले निर्माण व्यवसायी प्रयोग गरेको देखियो । उपभोक्ता समितिले पालिकामा पेश गरेको कागजात अनुसार रसुवा इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. मार्फत एक्साभेटर लगाएको भनी रु ३,००,००० को बिल समेत संलग्न गरेको पाइयो । यसरी उक्त नियमावलीले तोकेभन्दा फरक तरिकाले कार्य भएको र खन्ने तथा पुर्ने कार्यमा रु.१,८६,४२८ भुक्तानी भएको देखिएकोले खर्च रकम अनियमित रु.

यस सम्बन्धमा छलफल गर्दा पालिकाले यस्ता कार्य नियन्त्रण गरिने जनाएको छ ।

अनियमित भएको	१,८६,४२८

३५ **शिक्षक दरबन्दी र पदपुर्तिः**

शिक्षा ऐन, २०२८ को (नवौँ संशोधन समेत) १६ च १ मा शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने जसमा विद्यालयमा नियमित अध्ययन गर्न विद्यार्थी संख्या र विषयको आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नुपर्ने व्यवस्था छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) ज को बुदाँ नम्बर ११ सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान गर्न सक्ने व्यवस्था छ । स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ।प्राप्त विवरण अनुसार शिक्षक पदपूर्ति र विद्यार्थी संख्याको स्थिति देहाय अनुसार रहेको छः

क्र.सं	विद्यालयको नाम	शिक्षक पदपूर्ति	विद्यार्थी संख्या (कक्षा १-१२)
१	सेतेभुमिमा.वि.	१७	३८८
२	निलकण्ठ नमुनामा.वि.	२३	३७०
३	ग्राङ आ.वि.	९	१७०
४	नारायणस्थान मा.वि.	१०	१०१
५	झ्याङलाङआ.वि.	६	३६
६	शिलादेबी आ.वि.	८	७०
७	काभ्रेआ.वि.	४	६१
८	पलेपआ.वि.	२	२०
९	कालिका हिमालयमा.वि.	३३	६९१
१०	तेम्राङआ.वि.	४	३३
११	बच्छलादेबीआ.वि.	१३	१०८
१२	सुर्योदयआ.वि.	२	१०
१३	सेतिदेबी मा.वि.	४	१८
१४	सुन्धारा मा.वि.	१५	१४१
१५	मनकामनाआ.वि.	१५	११९
	जम्मा	१६५	२३१२

उपरोक्त शिक्षक दरबन्दी र पदपूर्ति एवम् विधार्थी सङख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा १४ जना विद्यार्थी पढाउनुपर्ने अवस्था देखिएको, विद्यार्थी संख्याको तुलनामा शिक्षक दरबन्दी बढी भएको देखिदा गाँउपालिकाले शिक्षक दरबन्दी मिलानको कार्य यथाशीघ्र अगाडि बढाउनु पर्ने देखिन्छ ।

३६ **शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS):**

कार्यक्रम कार्यान्वियन पुस्तिका (आ. व. २०८१।८२) मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु.४०० का दरले, शिक्षण सिकाइ सामाग्री तथा Book Corner व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु.१५० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु.२०० का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु.५०० का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु.२०० का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु.१५ का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेको पाइएन । जसले गर्दा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको छैन भन्न सक्ने आधार भएन। कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम EMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गरेर मात्र अनुदान निकासा दिनुपर्दछ ।

३७ **छात्रवृत्ति (गैरआवासीय):**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ को क्रियाकलाप नं. ७.२.१.१ सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागी छात्रवृत्ती वापत अनुदान दिँदा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग

सत्यापन गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा विभिन्न विद्यालयहरुलाई रु.७,५७,६०० छात्रवृत्ति अनुदान निकासा दिएको छ । उक्त छात्रवृत्ती रकम सम्बन्धित विद्यार्थीहरुले पाए नपाएको सम्बन्धमा निरीक्षण तथा अनुगमन गरी बितरण नभई बाँकी रहेकोमा संघिय सञ्चित कोष फिर्ता गर्नुपर्दछ ।

३८ **शैक्षिक प्रतिवेदनः**

अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा ३६ को उपदफा (१) मा प्रत्येक पालिकले नगर सभामा आफ्नो क्षेत्रभित्रका सार्वजनिक र निजी विद्यालय र त्यस्ता विद्यालयमा अध्ययन गर्ने वालवालिकाको संख्या, आधारभूत तहमा विद्यालयमा भर्ना भएका वालवालिकाको संख्या, विद्यालय भर्ना भई आधारभूत तहको शिक्षा पुरा गरेका वालवालिका संख्या, विद्यालय भर्ना भई त्यस वर्ष आधारभूत तहको शिक्षा पुरा नगरी विद्यालय छाडेका विद्यार्थीको संख्या, आधारभूत/माध्यमिक शिक्षाको लागि विनियोजित रकम र त्यसको श्रोत र अन्य आवश्यक कुरा सहितको प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ। उपदफा (२) मा उपरोक्त अनुसारको प्रतिवेदन जानकारीका लागि शिक्षा सम्बन्धी विषय हेर्ने संघीय र प्रादेशिक मन्त्रालयमा समेत पठाउन पर्ने उल्लेख छ । पालिकाले कानूनमा व्यवस्था भए बमोजिम प्रतिवेदन पेश गरेको देखिएन।

३९ **दिवा खाजा :**

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ मा तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान निकासा गर्दा आर्थिक वर्षको सुरुमै शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) मा समावेश भएको प्रारम्भिक बाल विकासदेखी कक्षा ६ सम्मको विद्यार्थी संख्यालाई आधार मानी प्रति विद्यार्थी दैनिक रु.१५ का दरले अधिकतम १८० दिनका लागी रकम निकासा गर्ने व्यवस्था रहेको छ । त्यस्तै, प्रत्येक चौमासिकमा निकासा गर्दा उक्त समयभन्दा अगाडि निकासा गरिएको रकम सदुपयोग भएको सुनिश्चित गर्ने, स्थानीय तहबाट दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन गर्ने तथा सबै सामुदायिक विद्यालयलमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका तयार गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले आ. व २०८१।८२ मा दिवा खाजाका लागी पालिका भित्रका विभिन्न १५ विद्यालयलाई विभिन्न गोश्वारा भौचरबाट रु.३१,६८,००० निकासा गरेको छ । विद्यालयलाइ दिएको निकासाबाट तोकिएको कार्यमा रकम खर्च भए नभएको तथा दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका सम्बन्धमा पालिकाबाट अनुगमन भएको पाइएन । पालिकाले अनुगमन निरीक्षण गरी कार्यक्रम कार्यान्वयनको प्रगति तथा तोकिएबमोजिमको मार्गदशन अनुसार खाजाको मापदण्ड, गुणस्तर लगायतका समग्र कार्यको बील भरपाई संलग्न गरी प्रतिवेदन तयार गर्नुपर्दछ ।

४० **बढी निकासा :**

शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) मा समावेश भएको प्रारम्भिक बाल विकासदेखी कक्षा ६ सम्मको विद्यार्थी संख्यालाई आधार मानी प्रति विद्यार्थी दैनिक रु.१५ का दरले अधिकतम १८० दिनका लागी रकम निकासा गर्ने व्यवस्था रहेकोमा निम्नानुसारका विद्यालयलाई दिवा खाजा बापत निकासा गर्दा EMIS र विद्यार्थीको हाजिरी विवरण भन्दा रु.४८,००० बढी निकासा भएको पाइयो । बढी निकासा भएको रकम असुल गर्नुपर्ने रु.

सि.नं.	विद्यालयकोनाम	IEMIS र विद्यार्थिको हाजिरीको आधारमा हुनुपर्ने निकासा	जम्मानिकासा	बढीनिकासा
१	सेतेभुमि मा.वि.	३७०४१०	३८१६६०	११२५०
२	सुन्धरा मा.वि,	९२८५०	९०३००	२५५०
३	निलकण्ठ नमुनामा.वि,	२११२२५	२१६५२५	५३००
४	नारायणस्थान आ.वि,	१८३०७०	१८८६७०	५६००
५	झ्याङलाङ आ.वि,	८१९५५	८४२५५	२३००
६	शिलाशेबी प्रा.वि.	१६३८५०	१६८१५०	४३००
७	पलेप आ.वि.	१५११८५	१५६५८५	५४००
८	कालिका मा.वि,	३४२८९५	३४९०९५	६२००
९	बच्छलादेबी आ.वि,	१७८६८०	१८१८३०	३१५०
१०	सेतिदेबी मा.वि,	८३७४५	८५६९५	१९५०
	जम्मा			**४८०००**

असुल गर्नुपर्ने	४८,०००

४१ बढी भुक्तानीः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ।देहायका शिक्षकहरुको देहायको मितिबाट लागुहुने गरी राजिनामा स्वीकृत भएको तर राजिनामा भएपछि पनि निजहरुलाई तलव र पोशाक खर्च भुक्तानी भएको हुँदा निजहरुको नाममा बढी भुक्तानि भएको रकम रू.५६,१४३ असुल गर्नुपर्ने रु.

क.सं.	गो.भौ.नं./ मिति	विद्यालयको नाम	शिक्षकको नाम	राजिनामा स्वीकृत मिति	बढि भुक्तानि तलव	पोशाक खर्च	बढि भुक्तानी रकम
१	७३-२०८१।११।२०	बच्छलादेबि आ.वि.	रमा पौडेल	२०८१।१२।१८	१३९६०	१५०००	२८९६०
२	७३-२०८१।११।२०	सेतिदेबी आ.वि.	स्वस्तिका न्यौपाने	२०८१।१२।२२	१२१८३	१५०००	२७१८३
जम्मा							५६१४३

असुल गर्नुपर्ने	५६,१४३

४२ बुक कर्नर:

कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.५० मा शिक्षण सिकाइ सामाग्री तथा बुक कर्नर व्यवस्थापनका लागी प्रति विद्यार्थि लागतका आधारमा प्रारम्भिक बाल विकासका विद्यार्थीका लागी प्रतिविद्यार्थी वार्षिक रु.५००, १-५ का विद्यार्थीका लागी प्रति विद्यार्थी वार्षिक रु.१५०, ६-१० का विद्यार्थीका लागी वार्षिक रु.२०० र ११-१२ का विद्यार्थीका लागी वार्षिक रु.२५० का दरले अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष विद्यालयमा आधारभूत सिकाइ वातावरणको प्रबन्ध गर्न, विद्यालयको सामान्य मर्मत सम्भार गर्न, वैकल्पिक सिकाइको प्रबन्ध गर्न तथा प्रारम्भिक बाल बिकासमा शिक्षण सामाग्री व्यवस्थापन गर्ने गरी पालिका भित्रका विद्यालयहरुलाइ रु.५,५२,८५० अनुदान निकासा भएको पाइयो । विद्यालयहरुलाइ दिएको निकासाबाट

तोकिएको कार्यमा रकम खर्च भए नभएको तथा प्रत्येक कक्षा कोठामा बुक कर्नर स्थापना भए नभएको अनुगमन भएको पाइएन । पालिकाले अनुगमन गरी बुक कर्नर स्थापना गरे नगरेको यकिन गर्नुपर्दछ ।

४३ **स्यानिटरी प्याडः**

कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.२३ अनुसार सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क सेनिटरी प्याड व्यवस्थापनका लागी ६-१२ सम्मका छात्राहरुको विवरण यकिन गरी विद्यालयले स्थानीय तहमा प्रति विद्यार्थी अनुदान माग गर्ने र स्थानीय तहले विद्यालयबाट हुने सेनिटरी प्याडको वितरण र प्रयोगको अवस्थाको अनुगमन गर्ने तथा स्थानीय तहले सोकार्यमा भएका कार्यहरूको प्रतिवेदन तयार गरी मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष रु.५,६८,००० को ८००० प्याकेट सेनिटरी प्याड खरिद गरि विद्यालयलाई वितरण गरेको छ । पालिकाले अनुदान मार्फत वितरण गरेको सेनिटरी प्याड १५ विद्यालयमा आम्दानी बाँधेको प्रमाण, वास्तविक लाभग्राही (कक्षा ६-१२ सम्मका छात्राहरु) ले पाए नपाएको सम्बन्धमा अनुगमन तथा विद्यालयले लाभग्राही विद्यार्थीलाई वितरण गरेको भरपाइ पेश हुन आएन । यसरी बिद्यालयहरुलाई स्यानिटरी प्याड उपलब्ध गराएकोमा विद्यालयमा विगत वर्षको प्याड मौज्दात र विधार्थी उपस्थिति अनुपात समेतलाई ध्यान दिई माग र उपयोग विच तादम्यता मिले नमिलेको एकिन गरेको छैन । पालिकाले खरिद गरेको स्यानिटरी प्याडहरु गुणस्तरयुक्त हुनुका साथै प्याडको सहि सदुपयोग भएको सुनिश्चितता हुनुपर्दछ ।

४४ **औषधि खरिदः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष संघीय वजेटवाट प्राप्त रकमवाट ईविडिङ मार्फत रु.८,४५,५८१.१५ र पहिला ईविडिङ मार्फत खरिद गरेको दर रेटमा नै रु.३,१२,६२७ समेत गरी रु.११,५८,२०८ र गाउँपालिका चालुतर्फ रु.१७,४९,७४१ को औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको बेहोराहरु निम्नानुसार छनः

• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. वाट सटिफइड हुनुपर्ने, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भन्ने खुलाएको प्रमाण समावेश नभएको ।

• आपूर्ति भएका औषधि एवं सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

• जिन्सी कितावमा औषधि आम्दानी बाँध्दा खरिद गरेको र स्वास्थ्य कार्यालयबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।

• औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा त्यसो नगरी एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिको जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४५ **जिन्सी दाखिला नभएकोः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरि वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रयोगबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावद्यिक गर्नु, गराउनु पर्ने व्यवस्था रहेको छ ।धैबुङ सामुदायिक सिकाइ केन्द्रले रु.७५,२७५ को प्रिन्टर,फर्निचर तथा पुस्तकालय सामाग्री खरिद

गरेको विल पेश गरी भुक्तानी लिएकोमा केन्द्रले आफ्नो सम्पत्ति तथा जिन्सी किताबमा दाखिला गरेको प्रतिवेदन पेश नगरेकोले प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	७५,२७५

४६ **नमुना विद्यालय अनुदानः**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१३ मा नमुना विद्यायलको रुपमा छनौट भई शैक्षिक सत्र २०८० सम्म विज्ञान विषय सञ्चालन गरिरहेका र यस केन्द्रबाट पहिलो चरणमा विज्ञान विषयको लागि छनौट भएका विद्यालयका लागि १००० सम्म विद्यार्थी भए प्रति विद्यालय रु.३० लाख अनुदान उपलब्ध गराउने व्यवस्था रहेको छ। पालिकाले नगर शिक्षा समितिको निर्णय वमोजिम छनोट भएका कालिका हिमालय मा.वि. लाई भौचर नं. ७, ४४ र २१२ बाट २६,८८,५३३ भुक्तानी दिएकोमा देखिएका वेहोराहरु निम्नानुसार छनः

४६.१ **बढी भुक्तानीः**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ।पालिकाले विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत रु.२६,८८,५३३ निकासा दिएकोमा विद्यालयले रु.२६,७१,५३३ खर्च भएको विल भरपाई पेश गरेको छ।खर्च नभएको रु.१७,००० फिर्ता गरी संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	१७,०००

४६.२ **कर कट्टीः** आयकर ऐन, २०५८ को दफा ८८ (१) मा सेवा शुल्क वापतको रकम भुक्तानी गर्दा १५ प्रतिशतका दरले कर कट्टी गर्ने व्यवस्था छ।विद्यालयले देहाएका शिक्षकहरुको प्रशिक्षण भत्ता भुक्तानी गर्दा १५ प्रतिशतका दरले पारिश्रमिक कर कट्टी गर्नु पर्नेमा १ प्रतिशतका दरले कर कट्टी गरी भुक्तानी दिएको हुनाले उल्लिखित व्यवस्था अनुसार नपुग कर रकम सम्बन्धित शिक्षकहरुबाट असुल गरी दाखिला गर्नु पर्ने रु.

क्र.स.	प्रशिक्षक	भुक्तानी रकम	कट्टा गर्नुपर्ने कर
१.	राधा पाण्डे	३७५००	५२५०
२.	टेक प्रसाद न्यौपाने	३१,५००	४,४१०
३.	राजेन्द्र प्रसाद पौड्याल	३१,५००	४,४१०
४.	आशा आङबुहाङ	१८,०००	२,५२०
५.	पूजना तामाङ	१८,०००	२,५२०
६.	कृष्ण कुमार लामिछाने	१८,०००	२,५२०
७.	कृष्ण प्रसाद अर्याल	१३,५००	१८९०
८.	धर्मदत्त लामिछाने	३३,५००	४,६९०
९.	चोम प्रसाद न्यौपाने	१३५००	१८९०
१०.	मनिष श्रेष्ठ	१३५००	१८९०
		२२८५००	**३१९९०**

असुल गर्नुपर्ने	३१,९९०

४६.३ सवारी लगबुकः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्ने अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल,भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न

कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ।विद्यालयले इन्धन वापत रु.२,९२,२४२ भुक्तानी दिएको छ । यसरी भुक्तानी भएको रकम कुन प्रयोजनमा कसरी खर्च भएको हो सो सम्बन्धमा म.ले.प.फाराम नं. ९०५ सवारी साधनको लगबुक लगायतका आवश्यक अभिलेखहरु राखेको छैन। तोकिए वमोजिमका सरकारी फारामहरुको अभिलेख दुरुस्त रुपमा राख्नुज पर्दछ ।

४६.४ **प्रतिवेदन पेश नभएको:**स्थानिय तहबाट विद्यालयले सम्झौता अनुरुप कार्यको नियमित अनुगमन गरी कार्यप्रगती केन्द्रको विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा पठाउने गरेको पाईएन ।स्थानिय तहबाट नियमित रुपमा अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

४७ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वटा वडामा २३ योजनाहरु सञ्चालन गरी ३५५ सुचिकृत बेरोजगार मध्ये यस वर्ष ६४ जनालाई औसत १०० दिनले ६४०० दिन रोजगारी उपलब्ध गराई रु.४३,५२,००० खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन ।

४८ **सामाजिक सुरक्षातर्फः**

पालिकाले यो वर्ष विभिन्न भौचरहरुबाट सामाजिक सुरक्षाको लागि रु.५,७८,७२,६३० निकासा गरेको र मृत्यु भएका लाभग्राहीहरुबाट असुल भएको रकम रु.९,०५,१७० संघीय संचितकोषमा जम्मा गरेको छ।सामाजिक सुरक्षा भत्ता सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छन्:

४८.१ मृत्यु भएकालाई भत्ताः सामाजिक सुरक्षा भत्ता वितरण कार्याविधि २०७७ को बुँदा १५ अनुसार भत्ता खाइपाइ आएको कुनै लाभग्राहीको मृत्यु भएमा मृत्यु भएको दिन सम्मको भत्ता निजको हकवालालाई भुक्तानी दिन सकिने व्यवस्था रहेकोमा कार्यालयलाई बैंकबाट प्राप्त स्टेटमेण्ट र ब्याच ईन्ट्रिको परिक्षण गर्दा तपसिल बमोजिमको मृत्यु भएका लाभग्राहिहरुले पाउने रकम भन्दा बढी रकम बैङ्क दाखिला गरेको देखिएकोले सो बढी रकम असुल गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु..

क्र.स.	वडा नं.	लाभग्राहीको नाम	परिचयपत्र नम्बर	मृत्यु भएको मिति	वितरण भएको रकम	बढी रकम/फिर्ता रकम
१	१	सेते तामाङ मोक्तान	२०१२०५०४०५४६६	२०८१-११-०७	३६०००	५७००
२	१	नोर्चुङ तामाङ	१९९४०१०४०२०४१	२०८१-०५-२०	१२०००	५०००
३	१	लवाङ वुटि तामाङ	१९९६०५०५०२०३६	२०८१-०४-१७	१२०००	९७००
४	१	दावा लामा तामाङ्नी	१९९९०१०५०५८४२	२०८१-०४-३१	१२०००	८०००
जम्मा						२८४००

असुल गर्नुपर्ने	२८,४००

४८.२ निष्क्रिय खाताको रकम फिर्ता - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ। राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको च.न.६७ मिति २०८१।६।६ को पत्रानुसार २०७८ श्रावण १ गते भन्दा पहिले सामाजिक सुरक्षा भत्ताकालागि खोलिएका खाताहरु निष्क्रिय भएको भए लाभग्राहीको सम्पूर्ण विवरण माग गरी निष्क्रिय खाताको रकम फिर्तागर्ने र Parking वा Settlement account मा रहेको २०८१ असार मसान्त भन्दा पहिलेको रकम फिर्ता गर्नुपर्ने उल्लेख छ ।पालिकाले सामाजिक सुरक्षाको

रकम आईसिएफसि फाईनान्स लिमिटेड र लुम्बिनी विकास बैङ्क मार्फत भुक्तानी गर्दै आएकोमा पालिकाबाट प्राप्त विवरण अनुसार आईसिएफसि फाईनान्स लिमिटेडमा रहेका २३ लाभग्राहीको खाता उक्त मितिदेखि निष्क्रिय रहेको र सो खाताहरुमा कुल रु.३,३६,२६८.१ मौज्दात रहेको देखिएकोले पालिकाले थप एकिन गरी संघीय सञ्चित कोषमा फिर्ता भएको प्रमाण पेश गर्नुपर्ने रु.

(विस्तृत विवरण बेरूजु दफा ४८.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

प्रमाण पेश नगरेको	३,३६,२६८.१

४८.३ अनुगमन तथा सुपरिवेक्षण:- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी, २०७७ को दफा २७ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा सुपरिवेक्षण गर्न एक स्थानिय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मुल्याङ्न गरि भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्ने उल्लेख छ। बैंकबाट भत्ता वितरणको स्टेटमेन्ट प्राप्त गरी अनुगमन समितिले वास्तविक लाभग्राहीले भत्ता पाए नपाएको, मृत्यु भएकालाई भुक्तानी भए नभएको एकिन गर्नुपर्दछ।

४९ आय अनुमान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको व्यवस्था रहेको र सो समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयको प्रक्षेपण गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ४७,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.४३,५६,८२३।६५ अर्थात अनुमानको करिव ९३ प्रतिशत आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आय अनुमान यर्थाथपरक बनाई आय आर्जन वृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।विगत ३ वर्षको आय अनुमान र सङ्कलनको स्थिति निम्नानुसार रहेको छः

आ.व.	आय अनुमान	संकलित रकम	प्रतिशत
२०७९/८०	५००००००	३७४६३८७.५०	७६
२०८०/८१	८४०००००	३२८४२७६.६८	४०
२०८१/८२	४७०००००	४३५६८२३.६५	९२

उपर्यकुतानुसारको तथ्याङ्क हेर्दा पालिकाले अनुमान गरिए बमोजिम आय संकलन गर्न सकेको देखिदैन । अत: पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको विवरण अद्यावधिक गर्नुको साथै पालिका भित्रका सम्पूर्ण आर्थिक कारोवारहरुलाई करको दायारामा ल्याई आन्तरिक आय वृद्धि गर्ने तर्फ जोड दिनुपर्दछ।

५० शिर्षकगत आय सङ्कलन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। पालिकाले यो वर्ष विभिन्न शीर्षकमा निम्नानुसार आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

क्र.सं.	राजस्व संकेत	आम्दानी शीर्षक	अनुमान	यस महिना सम्मको आम्दानी
१	२	३	४	७
१	११३१३	सम्पती कर	२००००	३०९२७.२६
२	११३१४	भुमिकर/मालपोत	३०००००	३६१८६८.४८
३	११३१७	वहाल कर	८,००,०००.००	८४२०५७.९४
४	११३१८	वहाल विटौरी कर	५०००.००	०.००
५	११४५१	साना सवारी साधन	१००००	२८०००
६	११६३१	कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	५०००	०
७	११६९१	अन्य कर	०	०
८	११६९१	सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय	१००००००	७०३४४०
९	१४२१२	सरकारी सम्पत्तिको बिक्रीबाट प्राप्त रकम	५०००	२००.००
१०	१४२१९	अन्य सेवा शुल्क तथा बिक्री	६००००	७३५००
११	१४२२१	न्यायिक दस्तुर	५०००	०
१२	१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	४०००००	४०३५००
१३	१४२४२	नक्सापास दस्तुर	२०००००	१७६२१४.३५
१४	१४२४३	सिफारिश दस्तुर	४५००००	५२८११६.८१
१५	१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर	२०००००	१७२३००
१६	१४२४५	नाता प्रमाणित दस्तुर	१०००००	१०४०००
१७	१४२४९	अन्य दस्तुर	०.००	०
१८	१४२५३	व्यावसाय रजिष्ट्रेशन दस्तुर	०	४७७५०
१९	१४२६५	अन्य क्षेत्रको आय	०.००	०
२०	१४२२३	शिक्षा क्षेत्रको आम्दानी	१००००	४५००
२१	१४२२४	परीक्षा शुल्क	१००००	७५००
२२	१४५२९	अन्य राजस्व	८७००००	५६६०२३.८१
२३	१४६११	व्यवसाय कर	१०००००	३०७१२५
२४	१५१११	बेरूजू	१०००००	०
जम्मा			४७,००,०००.००	४३५६८२३.६५

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित अनुमान र असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

५१ रसिदको प्रयोग तथा आय स्रेस्ता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) मा पालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणीय मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुंगा गिटी बालुवा विक्री गर्न सक्ने व्यवस्था छ । पालिकामा २ जना कर्मचारी मार्फत अमानतबाट रू.३०,६७,५४१ दहत्तर बहत्तर शुल्क असुल गरेको देखिन्छ । अमानतबाट शुल्क संकलनको लागि प्रयोग भएको नगदि रसिदमा कुन प्रकारको सवारी साधन हो सो उल्लेख नगरि परिमाण मात्र उल्लेख गरेको, कतिपय परिमाणमा एकरुपता समेत नभएको (१०० देखि २६० क्यु फिट सम्मको परिमाणमा उठाएको) एउटै नं को गाडिमा पनि कुनैमा २६० क्यु फिट र कुनै रसिदबाट १६० क्यू फिटको शुल्क असुली गरेको कारण सङ्कलित परिमाणको यथार्थता सम्बन्धमा एकिन गर्न सकिएन । पालिकाले नियमानुसार दैनिक आम्दानी र मासिक आम्दानीको अभिलेख समेत अद्यावधिक नगरेको कारण प्राप्त आयको यथार्थता सम्बन्धमा समेत आश्वस्त हुन सकिएन ।साथै पालिकाबाट उपभोक्ता समिति मार्फत सञ्चालन भएका कतिपय योजनाहरुमा ढुंगा गिटी वालुवा collection गरेको अवस्थामा उपभोक्ता समितिबाट समेत दहत्तर बहत्तर शुल्क असुली गर्न सकिनेमा पालिकाले सो संकलन भएको खुल्ने गरी अभिलेख राखेको छैन । तसर्थ उल्लिखित कमजोरीमा सुधार गरी आन्तरिक आयलाई थप व्यवस्थित बनाउनुपर्दछ ।

५२ **राजस्व असुली**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६ को दफा २७ मा कार्यालयलाई प्राप्त भएको राजस्व सोहि दिन वा भोलिपल्ट राजश्व लेखा राखी बैंक दाखिला गर्नुपर्ने व्यवस्था छ । दफा २८ मा १० दिनभन्दा बढि भएमा १० प्रतिशतको दरले जरिवाना लगाई कसुरको मात्रा अनुसार विभागीय कारबाही समेत गर्नुपर्ने व्यवस्था उल्लेख छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजश्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजश्व हिनामिना भए वा नभएको सम्बन्धमा अभिलेख अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपर्युक्त प्रावधान बमोजिम ढिला दाखिला भएकोमा कुनै कारवाही गरेको प्रमाण पेश भएको छैन । निम्न वडा कार्यालयहरूले ढिला राजश्व दाखिला गरेको देखिएकाले ढिला अवधिको लागि तोकिएबमोजिम १० प्रतिशतका दरले रु.१०,९१८ सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

वडा नं.	**राजव संकलन करताको नाम**	**राजश्व अवधि**	**असुली रकम**	**दाखिला ढिला अवधि**	**ढिला वापत जरिवाना**
१	नविन कुमार ओली	२०८१श्रावण-२०८२असार	२,३५,०५४	प्रत्येक महिना २८ दिन देखी १८१ दिन सम्म	५,९७०
४	माधव प्रसाद देवकोटा	२०८१श्रावण-२०८२असार	३,००,१४९	प्रत्येक महिना ३० दिन देखी १२० दिन सम्म	१,८२७
५	मिन नाथ पौडेल	२०८१श्रावण-२०८२असार	५,३१,९२६	प्रत्येक महिना ३ दिन देखी ९४ दिन सम्म	३,१२१
जम्मा					१०९१८

असुल गर्नुपर्ने	१०,९१८

५३ **ढिला राजस्व दाखिला गरेको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। त्यसै गरी दफा २८(२) बमोजिम आफ्नो जिम्मामा रहेको नगदी दाखिला गर्न बाँकि रहेकोमा कार्यालय प्रमुखले १० दिन सम्म ढिला गरेकोमा दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेमा दश प्रतिशतले जरिवाना गर्न लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ। नगदि राजश्व सङ्कलनको लागि निम्नानुसारका कर्मचारीलाई नगदी रसिद उपलब्ध गराएकोमा समयमै उपर्युक्त समयानुसार राजश्व दाखिला हुने गरेको पाइएन । तसर्थ निम्नानुसार ढिला दाखिला बापत तिर्नुपर्ने जरिवाना रू. १८,१८६ सम्बन्धीतबाट असुल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु...........

क्र.स.	राजश्व संकलन कर्ताको नाम	राजश्व संकलन माध्यम	राजश्व संकलन अवधि	राजश्व संकलन रकम	दाखिला मिति	ढिला दाखिला बापत तिर्नुपर्ने जरिवाना
१	राजकुमार ढकाल	नगदि रसिदका आधारमा	२०८१।१२।१२ देखि २०८१।१२।२७	७६५०५४।४६	२०८२।२।१२	९५६३.१८
२	मिलन देबकोटा	नगदि रसिदका आधारमा	२०८२।१।४ देखी २०८२।२।२८	५८२१७६	२०८२।३।२२	८६२३
जम्मा				१२५७२३०		१८१८६.१८

असुल गर्नुपर्ने	१८,१८६.१८

५४ **यन्त्र उपकरण सञ्चालन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९४ (४) मा सरकारी सम्पत्तीको हिनामिना नहुने गरी लगत स्रेस्ता सहित त्यसको संरक्षण गर्ने कर्तव्य त्यस्तो जिम्मा लिने कर्मचारी र सम्बन्धीत कार्यालयक प्रमुखको हुने व्यवस्था छ ।प्राप्त विवरण अनुसार पालिकामा रहेका यन्त्र उपकरण को इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ । पालिकाले आफ्नो स्वामीत्वमा रहेका उपकरणहरु सञ्चालन अवधि, स्थान तथा भाडामा लिने व्यक्ति वा फर्मको नामनामेसी समेत खुल्ने गरी अभिलेख राखेको देखिएन भने उपकरणहरु सञ्चालनको अवधि र समय देखिने गरी कुनै विद्युतिय वा म्यानुअल अभिलेख पनि राखेको देखिएन । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित हुन सकेको देखिएन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था समेत छैन । तसर्थः पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ समेत विश्लेषण समेत गर्नुपर्दछ ।

क्र.सं.	सामानको विवरण	इन्धन खपत लिटर	जनशक्ति लागत	मर्मत लागत	आय	खर्च (इन्धन बाहेक)	वचत
१.	एक्साभेटर	८००७.५	३,५९,५००	६,६३,१३५	६,६०,२४०	१०,२२,६३५.४९	-
२.	एम्बुलेन्स	३२०९.१	३,४६,५००	२,०४,९४४	६,४९,७००	५,५१,४४४	-
३.	ट्रिपर	२०४७	३,५९,५००	३,५७,२१८	नखुलेको	७,१६,७१८	-

५५ **दहत्तर बहत्तर शुल्क**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) मा पालिकाले आफ्नो क्षेत्रभित्रको वातावरणीय मूल्यांकन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुंगा गिटी बालुवा विक्री गर्न सक्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार पालिकाले यो वर्ष दहत्तर बहत्तर बापत रु.३०,६७,५४१.८३ असुल गरेको छ । पालिकाले नदिजन्य पदार्थको बिक्री ठेक्का मार्फत गर्न लाङ्टाङ् राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्र भएकोले नसकिएकोले कर्मचारी मार्फत नगदी रसिद प्रयोग गरी शुल्क सङ्कलन गर्नुपरेको जनाएको छ ।

गाउँपालिका अन्तर्गत रहेका खोलाबाट ढुंगा गिटी बालुवा उत्खननन् गर्नको लागि प्रारम्भिक वातावरणिय परीक्षण प्रतिवेदन (IEE) तयार गरी सोहि प्रतिवेदन अनुसार दहत्तर बहत्तर शुल्क सङ्कलन गर्नुपर्नेमा सो नगरी आफ्नै कर्मचारी मार्फत नगदी रसिद प्रयोग गरी अर्थात अमानतबाट दहत्तर बहत्तर शुल्क असुली गरेको छ । जसले गर्दा वार्षिक रुपमा के कति परिमाण सङ्कलन गर्न सकिने हो सो परिमाण खुल्न सकेन भने अमानतबाट बिक्री गर्दा कति परिमाण उत्खनन् भयो सो कुराको मापन गरी अभिलेख राखेको पनि देखिएन । तसर्थ पालिकाले प्रारम्भिक वातावरणिय परीक्षण मार्फत परिमाण एकिन गरेर र निकुञ्जसँग समन्वय गरी ठेक्का मार्फत ढुंगा गिटि वालुवा उत्खनन् तथा बिक्री गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

५६ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.३,०७,१२५ कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय

कर यथार्थ मान्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

५७ **सवारी कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ। सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानुपर्दछ।

५८ **मनोरञ्जन कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८१/८२ मा पालिकाले कूनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन। यस पालिकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : कालिका गाउँपालिका, रसुवा , कालिका गाउँपालिका , रसुवा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	कृष्ण बहादुर के सी कुँवर	२०७९-११-२८	हाल सम्म कार्यरत
लेखा प्रमुख	वाचस्पति सुनुवार	२०७६-१-२७	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२३२,२०७.१८	३,८४७,१५४	४११,५४३.१	०	०	०
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					४,४९०,९०४.२८
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					४,४९०,९०४.२८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		५१४४३२८८.११	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	२२८१६०५६८	चालु खर्च	२४५४६१५३२.६४
प्रदेश सरकारबाट अनुदान	४१३४५४०२	पूँजीगत खर्च	७३४३७४८९.७७
राजश्व बाँडफाँट	६८६८९४७९.५३	वित्तीय/अन्य व्यवस्था	९४८५८०८९.२७
आन्तरिक आय	४३५६८२३.६५		
अन्य आय	७९७९०६७७.६४		
कुल आय	४२२३४२९५०.८२	कुल खर्च	४१३७५७१११.६८
बाँकी मौज्दात		६००२९१२७.२५	

अनुसूची - २

सि.नं	लेखापरीण	लेखापरीण गरएका िवषय
1	वित्तीय विवरणको प्रस्तुति, लेखाङ्कन पद्धति र NPSAS ढाँचाको प्रयोग	वित्तीय विवरणको विश्लेषण
2	आवधिक योजना, नीति तथा कार्यक्रम र बजेट वक्तव्य कार्यान्वियन	योजना तर्जुमा, बजेट तथा कार्यक्रम
3	अनुदान वितरण स्थिति	अनुदान
4	तलब भत्ता खर्च	खर्च परीक्षण
5	तालिम र कार्यक्रम खर्च	खर्च परीक्षण
6	विविध (अतिथि सत्कार लगायत)	अनुत्पादक खर्च
7	इन्धन खर्चको प्रयोजन र मापदण्ड	अनुत्पादक खर्च
8	करार सेवा तथा अन्य सेवा शुल्क	सङ्गठनात्मक तथा व्यवस्थापकीय पक्ष
9	विज्ञापन तथा सूचना प्रकाशन खर्च	अनुत्पादक खर्च
10	खरिद कार्यको तयारी	खरिद व्यवस्थापन
11	ठेक्का बन्दोबस्त	ठेक्का व्यवस्थापन
12	अमानत, उपभोक्ता समिति तथा लाभग्राही समुदायबाट गराएको कार्य	उपभोक्ता समिति मार्फत कार्य
13	कन्टिन्जेन्सी रकमबाट अनावश्यक र नियम विपरीत खर्च	खर्च परीक्षण
14	परामर्श सेवा खर्च	खरिद व्यवस्थापन
15	राजस्व प्राप्ति एवं दाखिला	आन्तरिक आयतर्फ
16	धरौटीको जिम्मेवारी आम्दानी र फिर्ता	कोष तथा धरौटी
17	सामाजिक सुरक्षा भत्ता वितरण	सामाजिक सुरक्षातर्फ
18	शिक्षा तर्फ	शिक्षातर्फ
19	स्वास्थ्यतर्फ	स्वास्थ्यतर्फ
20	कृषि, पशु, वागवानी सम्बन्धी कार्यक्रम	खर्च परीक्षण
21	खर्चको नियमितता तथा मितव्ययिता	खर्च परीक्षण
22	अन्य विषयहरू	अन्य विषयहरू

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		५,८४,७८,५४३.३०	०	५,८४,७८,५४३.३०	५,३४,२७,६७३.२९	०	५,३४,२७,६७३.२९
१३०००	अनुदान		२४,७८,६६,१३६.११	०	२४,७८,६६,१३६.११	२५,१६,८५,३७३.१०	०	२५,१६,८५,३७३.१०
१४०००	अन्य राजस्व		१,७६,८६,१२९.२१	०	१,७६,८६,१२९.२१	७५,४०,२८६.८२	०	७५,४०,२८६.८२
१५०००	विविध प्राप्ति		०	०	०	१,०३,४००.००	०	१,०३,४००.००
क	**कुल जम्मा प्राप्ति**		३२,४०,३०,८०८.६२		३२,४०,३०,८०८.६२	३१,२७,५६,७३३.२१		३१,२७,५६,७३३.२१
३	चालु		२४,५४,६१,५३२.६४	०	२४,५४,६१,५३२.६४	२३,८८,२४,४३३.५४	०	२३,८८,२४,४३३.५४
२१०००	पारिश्रमिक / सुविधा		१३,११,७५,४०८.०१	०	१३,११,७५,४०८.०१	१३,९४,३५,६३३.३६	०	१३,९४,३५,६३३.३६
२२०००	मालसामान तथा सेवाको उपयोग		८,१९,९३,९६८.१६	०	८,१९,९३,९६८.१६	७,२१,२२,३१७.९५	०	७,२१,२२,३१७.९५
२५०००	सहायता (Subsidy)		१,९७,०३,३९७.३०	०	१,९७,०३,३९७.३०	५५,९५,७४०.५०	०	५५,९५,७४०.५०
२६०००	अनुदान		०	०	०	१,१३,६८,००६.१६	०	१,१३,६८,००६.१६
२७०००	सामाजिक सुरक्षा		१,१४,६८,६५४.१७	०	१,१४,६८,६५४.१७	९३,७३,९७०.५७	०	९३,७३,९७०.५७
२८०००	अन्य खर्च		११,२०,१०५.००	०	११,२०,१०५.००	९,२८,७६५.००	०	९,२८,७६५.००
४	पूंजीगत		७,३४,३७,४८९.७७	०	७,३४,३७,४८९.७७	७,५०,२४,३५५.८३	०	७,५०,२४,३५५.८३
३१११०	भवन तथा संरचना		१,२७,५०,५०३.५६	०	१,२७,५०,५०३.५६	१,७४,९६,११७.००	०	१,७४,९६,११७.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		२४,२२,०४८.२७	०	२४,२२,०४८.२७	३९,१३,०८०.००	०	३९,१३,०८०.००
३११५०	सार्वजनिक निर्माण		५,७२,९०,१९४.९४	०	५,७२,९०,१९४.९४	५,३५,४०,१५८.८३	०	५,३५,४०,१५८.८३
३११६०	निर्मितसस्चनाको सुधार खर्च		९,७४,७४३.००	०	९,७४,७४३.००	७५,०००.००	०	७५,०००.००
ख)	**कुल जम्मा भुक्तानी**		३१,८८,९९,०२२.४१		३१,८८,९९,०२२.४१	३१,३८,४८,७८९.३७		३१,३८,४८,७८९.३७
ग)	**बचत /कमी (ग = क-ख)**		५१,३१,७८६.२१		५१,३१,७८६.२१	(१०,९२,०५६.१६)		(१०,९२,०५६.१६)
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)**		३४,५४,०५२.९३		३४,५४,०५२.९३	२८,४२,२३२.१४		२८,४२,२३२.१४
घ.१)	**कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी**							
ङ)	**यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**		८५,८५,८३९.१४		८५,८५,८३९.१४	१७,५०,१७५.९८		१७,५०,१७५.९८
च)	**गत आ.व.को नगद तथा बैंक मौज्दात**		५,१४,४३,२८८.११		५,१४,४३,२८८.११	४,९६,९३,११२.१३		४,९६,९३,११२.१३
ज)	**आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)**		६,००,२९,१२७.२५		६,००,२९,१२७.२५	५,१४,४३,२८८.११		५,१४,४३,२८८.११

क्र. स.	नाम, थर	खाता नं.	रकम
१	मनमाया पौडेल	०००६५९९७००००००१	१०५.४१
२	टिका कुमारी न्यौपाने	०००६६००८००००००१	९२.७८
३	पासाङ गोले	०००६६०१२००००००१	४५६८४.३८
४	गणेश कुमारी पौडेल	०००६६०६४००००००१	४९५.३७
५	सीता देवी लमिछाने	०००६६१३९००००००१	१५६४८.५२
६	जितबहादुर नगरकोटी	०००६६१४०००००००१	४१४.९१
७	कामी बुट्टी तामाङनी	०००६६२२४००००००१	९१३.०२
८	मेसा नुरपू पाख्रिन	०००६६२२६००००००१	७६६८१.८७
९	कृष्ण बहादुर विश्वकर्मा	०००६६३४२००००००१	६७७.४४
१०	थुली नगरकोटी	०००६६४०७००००००१	१०५४.७५
११	मेदनी दत्त न्यौपाने	०००६६४१३००००००१	५००.५५
१२	पार्वती कामिनी	०००६६४१९००००००१	५८३५.१३
१३	दिलमाया तामाङनी	०००६६४२४००००००१	१३६४६८.५५
१४	देवमाया तामाङनी	०००६६४२५००००००१	३४.५४
१५	पुतली देवी अधिकारी	०००६६४२६००००००१	१६२७.७७
१६	जेम्स बगाले	०००६६४३०००००००१	१०२.४४
१७	जेबिका बगाले	०००६६४३४००००००१	६५.९५
१८	दावा लामो तामाङनी	०००६६५१२००००००१	१६३१३.५३
१९	बुद्धि बहादुर तितुङ तामाङनी	०००६९४१२००००००१	१५३८५.७१
२०	सुमित्रा नेपाली	०००७०३८१००००००१	२५९.२८
२१	नुर्चुङ स्याङ्बा	०००७१६३७००००००१	२३०.८७
२२	आराध्दा न्यौपाने	०००७२३४२००००००१	१९७५.४५
२३	चत्र कुमारी पौडेल	०००८२७१२००००००१	१४८१८.११
२४	चैब नाथ न्यौपाने	०००७६९९२००००००१	८८१.७७
जम्मा			३३६२६८.१

सुझाव

गाउँपालिकाद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस पालिकाले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

• वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
• आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
• नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा पालिकाले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता हुने गरी बनाउनुपर्दछ ।
• स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ।
• स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
• भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
• अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
• एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
• खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
• स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
• आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
• एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
• बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
• पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
• कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।

• उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।

• जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।

• कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।

• सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

• आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।

• वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ ।

• जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।

• जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

• सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।

• सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।

• गाउँपालिकामा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।